# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १२१ | काठमाडौं | शनिबार, ०६ भदौ २०८३ | Prabhab National Daily | Saturday, 22 August 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ |-


## फोहोर व्यवस्थापनको छलफलमा सांसद र मेयरबीच चर्काचर्की



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं उपत्यकाको फोहरमैला व्यवस्थापनका समस्या र समाधान विषयमा छलफल गर्ने क्रममा सांसद आशिका तामाङ र मेयरहरूबीच चर्काचर्की भएको छ । शुक्रबार सहरी विकास मन्त्रालयमा सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाको अध्यक्षतामा भएको छलफल कार्यक्रममा सांसद तामाङ र मेयरबीच चर्काचर्की भएको हो ।

छलफलमा धादिङ-१ का सांसद आशिका तामाङ मेयरसँग चर्काचर्की हुँदाहुँदै रिसाएर बैठकबाट निस्किएकी थिइन् । बञ्चरेडाँडा उनकै क्षेत्रमा पर्छ । बैठकबाट निस्किएपछि आफू चर्काचर्कीमा उत्रिएको तामाङले बताएकी छन् । '२० वर्ष लामो समयदेखि यहाँका जनताले अरूको फोहोरको भारीमात्र होइन, दुर्गन्ध, प्रदूषण, रोग र राज्यको बेवास्तासमेत बोकेर बाँच्नुपरेको छ,' तामाङले भनेकी छन्, 'सबैलाई थाहा छ, सिसडोल-बञ्चरेडाँडा मेरो निर्वाचन क्षेत्रमा पर्छ । त्यसैले यहाँका जनतामाथि हुने अन्याय र अत्याचारलाई मैले केवल एउटा सांसदको आँखाले होइन, आफ्नै घरपरिवारमाथि भएको पीडाका रूपमा हेरेकी छु । मेरो जनतालाई नरकीय जीवन जिउन बाध्य पारेर, फेरि उनीहरूकै समस्या समाधान गर्न खोज्दा मलाई हेपेर बोल्ने, जिम्मेवारीबाट पन्छिने वा बहानाबाजी गर्ने जो कोही होस्, म चुप लागेर बस्नेवाला छैन । मैले जनतासँग गरेको वाचा पूरा गर्नुपर्दा निर्मम निर्णय लिनुपरे पनि पछि हट्ने छैन ।'

> सिसडोल-बञ्चरेडाँडा मेरो निर्वाचन क्षेत्रमा पर्छ । त्यसैले यहाँका जनतामाथि हुने अन्याय र अत्याचारलाई मैले केवल एउटा सांसदको आँखाले होइन, आफ्नै घरपरिवारमाथि भएको पीडाका रूपमा हेरेकी छु । जनतालाई नरकीय जीवन जिउन बाध्य पारेर, फेरि उनीहरूकै समस्या समाधान गर्न खोज्दा मलाई हेपेर बोल्ने, जिम्मेवारीबाट पन्छिने वा बहानाबाजी गर्ने जो कोही होस्, म चुप लागेर बस्नेवाला छैन
>
> ■ **आशिका तामाङ**
> सांसद

मेयरहरू गम्भीर रूपमा प्रस्तुत नभएको भनेपछि उनीहरू भनाभनमा उत्रिएको आशिकाको आरोप छ । उनका अनुसार २०७९ सालमा मन्त्रालय र काठमाडौं महानगरपालिकासँग भएका सम्झौताहरू थिए । ती अझै कार्यान्वयन भएका छैनन् । फोहोरको सेग्रिगेसन (वर्गीकरण) नगर्ने, दुर्गन्धित लिचेटलाई ट्रिटमेन्ट वा फिल्टर नगरी सिधै खोलामा मिसाउने र बाटो घाटोका पूर्वाधार नबनाउने परिपाटीले बञ्चरेडाँडा तथा प्रभावित क्षेत्रका बासिन्दाको स्वास्थ्य र जनजीवन भयावह बनेको छ ।

यी कुराहरू राख्ने क्रममा मेयरहरूसँग भनाभन भएपछि आफू त्यहाँबाट निस्किएर हिँडेको उनी तामाङ बताउँछिन् । ललितपुर महानगरपालिका मेयर चिरीबाबु महर्जनका अनुसार सहरी विकास मन्त्रालयले बञ्चरेडाँडाको विषयमा छलफल गर्न बैठक बोलाइएको थियो । 'काठमाडौं उपत्यका मेयर फोरमको अध्यक्षको हैसियतले म पनि थिएँ, साथसाथै ८/९ जना मेयरसाप हुनुहुन्थ्यो,' मेयर महर्जनले भने, 'म बोलिरहँदा...

क्रमशः पृष्ठ २ मा

## कांग्रेस महाधिवेशन रोक्न देउवा समूह सक्रिय, अप्ठेरोमा पर्दै गगन

- सर्वोच्चमा मुद्दा विचराधीन अवस्थामा रहेकोले आदेशबाट के आउने हो भन्ने चिन्तामा छ । सर्वोच्चले केही दिनमै महाधिवेशका गतिविधि रोक्ने गरी 'स्टे अर्डर' दिन सक्ने इतर पक्षका नेताहरु बताउँछन्
- पार्टीका शुभेच्छुक र शीर्ष नेताहरूले गगनलाई लचिलो बन्ने आग्रह गरे पनि उनको शैली भने फेरिएको छैन



> तथाकथित विशेष महाधिवेशन पक्षका यस्ता अवैधानिक र विभाजनकारी अधिवेशन र महाधिवेशन आयोजना नगर्न/नगराउँन तथा यस्ता क्रियाकलापमा सहभागी नहुन पार्टीका सबै तहका समिति, पदाधिकारी र सदस्यहरु तथा क्रियाशील सदस्यहरुमा हार्दिक अपिल गर्दछौं
>
> ■ **डा शशांक कोइराला**
> पूर्व महामन्त्री, नेपाली कांग्रेस



> घरभित्रका विमतिहरूलाई सडकमा लैजाने वा अदालतको ढोका कुरेर बस्ने समय यो होइन । राजनीतिक मुद्दाको समाधान केवल राजनीतिक संवादबाट मात्र सम्भव छ । आफ्ना फरक विचार बोकेर पार्टीको साझा मन्दिर सानेपा आउनुहोस
>
> ■ **प्रदीप पौडेल**
> महामन्त्री, नेपाली कांग्रेस

■ प्रभाव संवाददाता

**काठमाडौं–** कांग्रेस संस्थापनइतर समूह १५औं महाधिवेशन रोक्न सक्रिय बनेको छ । शुक्रबार बिहानमात्र कांग्रेस नेता डा शेखर कोइराला महाधिवेशन रोक्न चुनदेवीमा पूर्व सभापति शेरबहादुर देउवा भेट्न पुगेका थिए ।

बिहान आधा घण्टा भएको भेटमा पार्टी एकताको विषयमा छलफल भएको बताइएको छ । उक्त भेटलगत्तै देउवा समूह महाधिवेशन रोक्न रिट लिएर सर्वोच्च अदालत पुगेको थियो । देउवाको वारेसमा दीपक खड्का रिट लिएर पुगे पनि उक्त निवेदन दर्ता भने नभएको सर्वोच्चका सूचना अधिकारी निराजन पाण्डेले बताए । 'रिट प्राप्त भएको छ । तर अध्ययनका क्रममा छौं । दर्ता भएको छैन,' पाण्डेले भने ।

संस्थापनइतरले सर्वोच्चमा कांग्रेस आधिकारिकतासम्बन्धी विवाद यथावत रहेकोले अहिले महाधिवेशन गर्न नहुने दाबी गर्दै आएको छ । देउवा पक्षका नेता मीनबहादुर विश्वकर्मा तत्कालका लागि महाधिवेशन रोक्नुपर्ने बताउँछन् । 'अदालतमा मुद्दा विचराधीन रहेको अवस्थामा महाधिवेशन गर्नुहुन्न भन्ने हाम्रो माग हो,' विश्वकर्माले भने ।

संस्थापनले भदौ २४ देखि शुरु हुने गरी महाधिवेशनको कार्यतालिका सार्वजनिक गरिसकेको छ । कार्यतालिकाअनुसार असोज १६ बाट काठमाडौंमा महाधिवेशन हुँदैछ । उक्त महाधिवेशनमा भाग नलिन इतर समूहको संयोजन गरिरहेका संयोजक डा. शशांक कोइरालाले अपिल नै गरेका छन् ।

शुक्रबार शशांकले जारी गरेको विज्ञप्तिमा संस्थापनले तोकेको महाधिवेशनमा सहभागी नहुन भनेको छ । 'तथाकथित विशेष महाधिवेशन पक्षका यस्ता अवैधानिक र विभाजनकारी अधिवेशन र महाधिवेशन आयोजना नगर्न/नगराउँन तथा यस्ता क्रियाकलापमा सहभागी नहुन पार्टीका सबै तहका समिति, पदाधिकारी र सदस्यहरू तथा क्रियाशील सदस्यहरूमा हार्दिक अपिल गर्दछौं,' विज्ञप्तिमा भनिएको छ ।

विज्ञप्तिमा पूर्वसभापति देउवा र पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काले सर्वोच्चको डिभिजन बेञ्चको निर्णयविरुद्ध पुनरावलोकनका लागि निवेदन दिएको र पूर्ण इजलासबाट पुनरावलोकनको अनुमति (निस्सा) समेत पाइसकेको उल्लेख छ ।

मुद्दा विचाराधीन रहेकै अवस्थामा महाधिवेशन अघि बढाउँदा पार्टीभित्रको विभाजन थप संस्थागत हुने इतर समूहको दाबी छ । इतर समूहले विशेष महाधिवेशनका कारण अहिले नै केन्द्रीय कार्यसमिति समानान्तर रूपमा विभाजित रहेको दाबी गरेको छ । 'सुदृढ, सबल र गतिशिल कांग्रेसका लागि पार्टीभित्रको सांगठनिक तथा भावनात्मक एकता नै अहिलेको आवश्यकता हो भन्ने हाम्रो निष्कर्ष र प्रतिबद्धता रहेको छ,' विज्ञप्तिमा भनिएको छ, 'कथित विषेश महाधिवेशनको कारणले हाल केन्द्रीय कार्यसमिति समानान्तर रूपले विभाजित रहेको छ ।'

क्रमशः पृष्ठ २ मा

### सानेपाको अपिल

सभापति गगन थापा पार्टी विवादका कारण निकै सकसमा परेका छन् । संविधान र विधानअनुसार कांग्रेसका महाधिवेशन मंसिरभित्र भइसक्नुपर्छ । त्यसैले पनि संस्थापनले असोजमै महाधिवेशन गर्न जोडतोडले लागेको छ । तर सर्वोच्चमा मुद्दा विचराधीन अवस्थामा रहेकोले आदेशबाट के आउने हो भन्ने चिन्तामा छ । सर्वोच्चले केही दिनमै महाधिवेशका गतिविधि रोक्ने गरी 'स्टे अर्डर' दिन सक्ने इतर पक्षका नेताहरू बताउँछन् ।

यद्यपि यस्तो अवस्थामा पनि सभापति थापा पार्टी एक बनाउन सक्रिय बनेका देखिन्नन् । सभापति थापा इतर पक्षलाई पेलेरै जाने नीतिमा देखिन्छन् । पार्टीका शुभेच्छुक र शीर्ष नेताहरूले गगनलाई लचिलो बन्ने आग्रह गरे पनि उनको शैली फेरिएको छैन । 'गगनलाई लचक बन्न धेरै दबाब आए पनि उनी अगाडि बढ्ने देखिन्छ । यसले पार्टीलाई निकै नोक्सान पुग्ने देखिन्छ,' कांग्रेसका एक नेताले भने ।

यसैबीच कांग्रेस महामन्त्री प्रदीप पौडेलले भने पार्टीका विवादहरू लिएर अदालत जाने वा सडकमा पोखिने कार्यले लोकतन्त्र र पार्टी दुवैलाई कमजोर बनाउने बताएका छन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## बोर्डले माग्यो स्वयंसेवक, श्रमिकका परिवार प्राथमिकतामा

■ ममता थापा




**काठमाडौं–** वैदेशिक रोजगार बोर्डले १० जना स्वयंसेवक माग गरेको छ । स्वयंसेवकमा वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका, अंगभंग तथा बिरामी भएका, वैदेशिक रोजगारीमै रहेका तथा फर्केका श्रमिक तथा उनीहरूका परिवारका सदस्यले दरखास्त दिन सक्नेछन् ।

बोर्डबाट श्रम स्वीकृति लिएका श्रमिक या उनीहरूका परिवारलेमात्र यस्तो सुविधा पाउनेछन् । छनोट हुने स्वयम्सेवक कर्मचारीको करार अवधि २०८४ असार मसान्तसम्म हुने बोर्डले जनाएको छ । १८ वर्ष पुरा भइ ३५ वर्ष ननाघेकाले यो पदका लागि आवेदन दिन सक्ने बोर्डले जनाएको छ ।

महिलाको हकमा भने ४० वर्ष ननाघेको र रोजगारीबाट फर्किएका श्रमिकको हकमा ४५ वर्ष ननाघेको हुनुपर्ने जनाइएको छ । आवेदकको न्यूनतम शैक्षिक योग्यता १२ कक्षा पास रहेको छ । यस्ता कर्मचारीलाई बोर्डको वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम र आवश्यकता अनुसार परिचालन गर्ने सूचनामा भनिएको छ ।

> बोर्डले एक वर्षे करारसहित मागेको दश स्वयम्सेवकले मासिक २५ हजार तलब पाउने छन्

इच्छुक व्यक्तिले बोर्डले भने बमोजिमको कागजात बुझाउनपर्ने छ । जसमा आवेदकको हस्ताक्षर भएको आवेदन फारम, नेपाली नागरिकता/राष्ट्रिय परिचयपत्र या राहदानीको प्रतिलिपि र न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि आवश्यक पर्ने छ । साथै, अंगभंग या बिरामी भएका श्रमिक वा परिवारका सदस्यका लागि बोर्डबाट पाएको क्षतिपूर्तिको कागजात बुझाउनपर्ने छ ।

रोजगारीको क्रममा मृत्यु भएका श्रमिकका परिवारलाई मृत्यु पुष्टि गर्ने कागजात चाहिने छ । जसमा विदेशी अस्पतालको मृत्युदर्ता, बोर्डबाट मृत्युबापत पाएको क्षतिपूर्तिको अभिलेख वा नेपाल सरकारबाट जारी मृत्युदर्ताको प्रमारणपत्र रहेको छ । रोजगारीमा रहेको श्रमिक वैदेशिक रोजगारीमा रहेको या फर्किएको पुष्टि हुने अध्यागमनको छाप, राहदानीको प्रतिलिपि, श्रम स्वीकृति आदिको कागजात पनि आवश्यक पर्ने छ । साथै, आवेदकको श्रमिकसँग नाता खुल्ने विवाहदर्ता, जन्मदर्ता, नागरिकता, नाताप्रमाणित लगायतका प्रमाण पनि पेश गर्नुपर्ने बोर्डले जनाएको छ ।

क्रमशः पृष्ठ २ मा

## मलेसियाले विदेशी कामदार घटाउने

**काठमाडौं (प्रस)–** मलेसियाले २०३० सम्म विदेशी कामदारको संख्या कुल श्रमशक्तिको १० प्रतिशतमा घटाउने लक्ष्य राखेको छ । सरकारले व्यवसायीलाई सस्तो विदेशी श्रममा निर्भर नहुने गरी प्रविधिमा लगानी गर्न प्रोत्साहित गरिरहेकाले विदेशी श्रमिकको संख्या सीमित गर्न खोजिएको त्यहाँका लगानी, व्यापार र उद्योग उपमन्त्री सिम त्जे त्जिनले जनाएका छन् ।

सरकारले यस वर्ष १३औं मलेसिया योजना (१३ एमपी) अन्तर्गत विदेशी कामदारको अधिकतम सीमा १५ प्रतिशतबाट घटाएर १३ प्रतिशत कायम गरेको छ । उपमन्त्री सिमले उत्पादकत्व प्रतिवेदन २०२६को उद्घाटन गर्ने क्रममा आगामी चार वर्षमा यसलाई थप घटाउने योजना बनाइएको जानकारी दिएको द एज मलेसियाले जनाएको छ ।

सिमले व्यवसायीहरूले संकुचित श्रम बजारको तयारी सुरु गर्न आवश्यक रहेको बताएको जनाइएको छ । जसका लागि व्यवसायलाई स्वचालित बनाइ दक्षता सुधार गर्ने कुरामा ध्यान दिनुपर्ने उनको भनाइ छ । विदेशी श्रमिकमा भर पर्दा प्रविधिमा नभइ प्रक्रियामा लगानी हुने भएकाले अगाडि बढ्न नसकिने सिमले बताएको समाचारमा उल्लेख छ ।

यसैबीच, सरकारले कम्पनीलाई उनीहरूको प्रक्रिया र उत्पादकत्व सुधार गर्न मद्दत गर्न स्वचालित अनुदानसहित विभिन्न प्रोत्साहन प्रदान गरिरहेको छ । यो कदमले मलेसियाको उत्पादकत्व बढाउन र उच्च मूल्यको आर्थिक गतिविधितर्फ अग्रसर हुन महत्वपूर्ण कदम रहेको जनाइएको छ ।

क्रमशः पृष्ठ २ मा


### मानसिक स्वास्थ्यमा ध्यान दिऔं

- मानसिक स्वास्थ्य शारीरिक स्वास्थ्यजत्तिकै महत्वपूर्ण हो भन्ने बुझौं,
- डर, तनाव वा चिन्ता भएमा विश्वासिलो व्यक्ति वा सम्बन्धित विशेषज्ञसँग खुलेर कुरा गरौं,
- परिवार, साथीभाइ र समुदायमा सहयोगी तथा सकारात्मक वातावरण निर्माण गरौं,
- पर्याप्त निन्द्रा र सन्तुलित आहारमार्फत मानसिक स्वास्थ्यको सुरक्षा गरौं।
- योग, ध्यान तथा सिर्जनात्मक गतिविधिमा सहभागी भई तनाव व्यवस्थापन गरौं,
- मानसिक स्वास्थ्यसम्बन्धी भ्रम र विभेदको अन्त्य गरौं,
- समस्या देखिएमा स्वास्थ्य संस्थाबाट परामर्शसेवा लिऔं,
- आत्मीय संवाद, आपसी सहयोग र सहानुभूतिमार्फत स्वस्थ समाज निर्माण गरौं ।

खुलेर कुरा गरौं: मानसिक स्वास्थ्यको संरक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पृष्ठ १ बाट क्रमशः

## कांग्रेस महाधिवेशन...

### देउवाले सभापतिको "नेमप्लेट" प्रयोग गरेकोमा आपत्ति

कांग्रेसको केन्द्रीय अनुशासन समितिले पार्टीको विधान, पद्धति र मर्यादा विपरीत गतिविधि गर्ने नेता तथा कार्यकर्तालाई छानबिन गरी कारबाहीको दायरामा ल्याउने चेतावनी दिएको छ। शुक्रबार सानेपास्थित पार्टी केन्द्रीय कार्यालयमा बसेको समिति बैठकपछि संयोजक तारामान गुरुङले यस्तो बताएका हुन्। समितिमा गत आमनिर्वाचनका क्रममा भएका भनिएका अनुशासन उल्लंघन र अन्तर्घातसम्बन्धी सात सय ५४ वटा उजुरी विभिन्न जिल्लाबाट प्राप्त भएका छन्।

समितिले डा शशांक कोइरालाको संयोजकत्वमा भएको भनिएको भेला र त्यहाँ निवर्तमान सभापति शेरबहादुर देउवालाई 'सभापति' लेखिएको नेमप्लेट राखेर स्वागत गरिएको विषयमा चासो व्यक्त गरेको छ। गगन नेतृत्वको कार्यसमिति आधिकारिक रहेको अवस्थामा निवर्तमान सभापतिलाई वर्तमान सभापतिका रूपमा प्रस्तुत गर्नु र लेटरप्याड प्रयोग गर्नु विधानसम्मत नहुने संयोजक गुरुङले बताए। 'त्यस्ता भेलामा भएका गतिविधि, नेताहरूले प्रयोग गरेका शब्द र उपस्थितिको पूर्ण अभिलेख संकलन गरिरहेका छौं। पार्टी र नेतृत्वको गरिमामा आँच पुऱ्याउने जो कोहीको पनि छानबिन हुनेछ,' गुरुङले भने।

## फोहोर व्यवस्थापनको...

सांसद आशिका तामाङ बीचमा बोलेपछि अन्य मेयरहरूले बीचमा किन बोलेको भन्दै विरोध गरेका थिए। त्यसपछि अन्य मेयरहरूसँग भनाभन भएपछि बैठक छोडेर हिँड्नुभयो।'

तीनै तहको सरकारबीच समन्वय आवश्यक

बञ्चरेडाँडा स्यानिटरी ल्यान्डफिल साइटको वर्तमान अवस्था, त्यहाँ देखिएका समस्या, प्रभावित क्षेत्रका बासिन्दाका गुनासा तथा आगामी कार्यदिशाबारे भएको छलफलले फोहर व्यवस्थापनको जिम्मेवारी स्थानीय तहकै भए पनि दीर्घकालीन समाधानका लागि संघीय सरकार, स्थानीय तह र सम्बन्धित सबै निकायबीच समन्वय आवश्यक रहेको निष्कर्ष निकालेको छ।

सूचना तथा सञ्चारमन्त्री डा तिमिल्सिनाले बञ्चरेडाँडा प्रभावित क्षेत्रका बासिन्दाको समस्या र फोहरमैला व्यवस्थापनलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताए। विगतमा फोहर व्यवस्थापनमा समस्या देखिए पनि अब समाधानका लागि सरकार गम्भीरतापूर्वक अघि बढ्ने उनले बताए। 'नीतिगत तथा व्यवहारगत समस्या समाधानका लागि सरकारले गर्नुपर्ने र गर्न सक्ने सबै प्रयास गर्न तयार छ। फोहर व्यवस्थापनको समस्या समाधानका लागि सङ्घीय सरकार निकै गम्भीर छ। सबै पालिका र निकायले पनि आआफ्नो ठाउँबाट सहयोग गर्नुपर्छ', मन्त्री तिमिल्सिनाले भने।

नेपाली कम्पनी अर्ग्यानिक भिलेज र फिनल्यान्डको कम्पनी कम्पुनिकेसन ओयको संयुक्त उपक्रम (जोइन्ट भेन्चर) कम्पनी नेपवेस्टसँग भएको सम्झौता र त्यससँग सम्बन्धित मुद्दामामिलाका कारण अहिले काम गर्न गाह्रो भएको स्थानीय तहहरूको भनाइ थियो।

त्यस्तै, उक्त छलफलमा सञ्चारमन्त्री डा तिमिल्सिनाले फोहर व्यवस्थापनको समस्या समाधानका नाममा थप जटिलता सृजना गर्ने नभई स्पष्ट कार्यविभाजन र जिम्मेवारीका आधारमा अघि बढ्नुपर्नेमा जोड दिए।

छलफलमा सहभागी स्थानीय तहका प्रमुखले आफ्नो पालिकाको फोहर आफैं व्यवस्थापन गर्ने प्रतिबद्धता जनाउँदै संघीय सरकारबाट आवश्यक सहजीकरणको माग गरेका छन्। काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डंगोलले फोहर व्यवस्थापनमा विगतमा राजनीति र एकअर्कालाई दोषारोपण गर्ने प्रवृत्ति देखिएको भन्दै अब त्यसो गर्न नहुने बताइन्। उनले फोहरको समस्या समाधान गर्दा यसको जरामै पुग्नुपर्ने र स्रोतमा नै फोहर व्यवस्थापनको उपाय खोज्नुपर्ने धारणा राखिन्। उहाँले काठमाडौँ महानगरपालिका फोहर व्यवस्थापनमा जिम्मेवार भएर काम गरिरहेको उल्लेख गर्दै अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना आवश्यक रहेको बताइन्।

ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले पनि नेपवेस्टसँग भएको सम्झौता अझै कायम रहेकाले महानगरपालिकाले आफैं फोहर व्यवस्थापन गर्न नसकेको बताए। त्यस्तै, बूढानीलकण्ठ नगरपालिकाका प्रमुख मिठाराम अधिकारीले नगरपालिकाले आफ्नै फोहर आफैं व्यवस्थापन गर्न चाहेको भए पनि विभिन्न मुद्दामामिला र अदालतका आदेशका कारण काम अघि बढाउन नसकिएको बताए।

टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले फोहरमैला व्यवस्थापन सबैको साझा दायित्व भएकाले त्यसका लागि आवश्यक आर्थिक तथा अन्य सहयोग गर्न नगरपालिका तयार रहेको बताए।

धुनीबेँसी नगरपालिकाका प्रमुख बालकृष्ण आचार्यले फोहर व्यवस्थापनका विषयमा यसअघि पनि विभिन्न सम्झौता भए पनि समस्या समाधान हुन नसकेको बताए। ती सम्झौताको पुनरावलोकन गरी आफ्नो पालिकाको फोहर आफैं व्यवस्थापन गर्ने वातावरण बनाउनुपर्ने उनको भनाइ थियो। कीर्तिपुर नगरपालिकाका प्रमुख कृष्णमान डंगोलले उक्त पालिकाले आगामी छ महिनाभित्र आफ्नै फोहर आफैं व्यवस्थापन गर्ने योजना कार्यान्वयनमा ल्याउने बताए। फोहर व्यवस्थापनका क्षेत्रमा कीर्तिपुरले गरिरहेको अभ्यासबाट अन्य पालिकाले पनि सिक्नुपर्ने बताए।

दक्षिणकाली नगरपालिकाका प्रमुख मोहन बस्नेतले पछिल्लो तीन महिनादेखि फोहर वर्गीकरण गर्न थालिएको र त्यसबाट फोहरको मात्रा घटेको जानकारी दिए।

सो छलफलमा पूर्वाधार विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले फोहर व्यवस्थापनको दीर्घकालीन समाधानका लागि सबै तहले आफ्नो जिम्मेवारी लिनुपर्ने बताउनुभयो। एकले अर्कालाई दोष देखाएर समस्या समाधान नहुने भन्दै उहाँले सबै स्थानीय तह र सम्बन्धित निकायको संयुक्त प्रयास आवश्यक रहेको बताउनुभयो।छलफलमा काठमाडौँ महानगरपालिकाको वातावरण विभागका प्रमुख सरिता राईले बञ्चरेडाँडा फोहरमैला व्यवस्थापनस्थलको अवस्था र भावी व्यवस्थापनसम्बन्धी प्रस्तुतीकरण गरेकी थिइन्। प्रस्तुतीकरणअनुसार बञ्चरेडाँडा क्षेत्रमा एक हजार ७९२ रोपनी जग्गा अधिग्रहण गरिएको छ। बालाजुबाट करिब २४ किलोमिटरको दूरीमा रहेको उक्त क्षेत्रमा अधिग्रहण गरिएको जग्गाको आधिकारिक साँध-सीमासम्बन्धी कागजात भने काठमाडौँ महानगरपालिकाले अझै प्राप्त गर्न सकेको छैन।

बञ्चरेडाँडा जाने विभिन्न २१ वटा पालिकाको फोहरमध्ये काठमाडौँ महानगरपालिकाको हिस्सा ४८.८ प्रतिशत, ललितपुर महानगरपालिकाको १० प्रतिशत र बूढानीलकण्ठ नगरपालिकाको पाँच प्रतिशत रहेको प्रस्तुतीकरणमा उल्लेख थियो। फोहर व्यवस्थापनलाई विकेन्द्रित मोडलमा लैजाने, सुक्खा फोहर पुनःप्रयोग तथा पुनर्चक्रणका लागि सम्बन्धित पालिकाकै क्षेत्रमा प्रविधि स्थापना गर्ने, कुहिने फोहरबाट प्राङ्गारिक मल तथा ऊर्जा उत्पादन गर्ने र बञ्चरेडाँडामा रिसोर्स रिकभरी प्रविधि स्थापना गर्ने प्रस्ताव छलफलमार्फत अघि सारिएको छ।

त्यस्तै फोहरमैला संकलन तथा ढुवानी सेवालाई प्रभावकारी बनाउने र नागरिकको सेवा सन्तुष्टिमा ध्यान दिने विषयलाई पनि प्राथमिकतामा राखिएको छ। फोहरमैला व्यवस्थापन ऐनले स्थानीय तहलाई आफ्नो फोहर आफैं व्यवस्थापन गर्नुपर्ने व्यवस्था गरेकाले सोहीअनुसार स्थानीय तहले योजना बनाउनुपर्नेमा जोड दिइएको छ। बञ्चरेडाँडा फोहरमैला व्यवस्थापनस्थलको पूर्वाधार निर्माणमा हालसम्म एक अर्ब चार करोड रूपैयाँ खर्च भइसकेको र थप ५१ करोड ६३ लाख रूपैयाँ बराबरका ठेक्का चालु अवस्थामा रहेको जानकारी दिइएको थियो। बञ्चरेडाँडा ल्यान्डफिल साइटका कारण ५३९ हेक्टर क्षेत्रका ८७५ घरपरिवार प्रत्यक्ष प्रभावित भएको र ल्यान्डफिल साइटको सीमाबाट तीन किलोमिटरसम्मको क्षेत्र अप्रत्यक्ष रूपमा प्रभावित रहेको जानकारी छलफलमा दिइएको थियो।

प्रभावित स्थानीयवासीले फोहरमैला व्यवस्थापनको समस्या दीर्घकालीन रूपमा समाधान गर्न फोहरमैला विकास प्राधिकरण गठन गर्नुपर्ने माग गरेका छन्। उनीहरूले विगतमा भएका सहमति तथा सम्झौता कार्यान्वयन गर्न, प्रभावित क्षेत्रका समस्या समाधान गर्न र बञ्चरेडाँडामाथिको निर्भरता क्रमशः घटाउन सरकारसँग आग्रह गरेका छन्। छलफलमा अबको चार वर्षभित्र बञ्चरेडाँडामा उपत्यकाको फोहर लैजान नपर्नेगरी कार्ययोजना बनाउनुपर्ने विषयसमेत उठाइएको थियो। त्यसका लागि फोहर उत्पादन घटाउने, स्रोतमै फोहर वर्गीकरण गर्ने, पुनःप्रयोग तथा पुनर्चक्रण बढाउने र चक्रीय अर्थतन्त्रसम्बन्धी अभ्यासलाई प्रवर्द्धन गर्नुपर्नेमा जोड दिइएको थियो। विद्यालयको पाठ्यक्रममा समेत फोहरमैला व्यवस्थापन, वर्गीकरण, पुनःप्रयोग तथा वातावरण संरक्षणसम्बन्धी विषय समावेश गरी जनचेतना अभिवृद्धि गर्नुपर्ने प्रस्ताव गरिएको थियो।

छलफलमा मध्यपुरथिमि, चाँगुनारायण, बूढानीलकण्ठ, टोखा, दक्षिणकालीलगायत उपत्यकाका विभिन्न पालिकाका प्रमुख तथा प्रतिनिधि, वातावरण शाखाका प्रमुख, फोहरमैला व्यवस्थापनसम्बन्धी अध्ययन तथा अनुसन्धानमा संलग्न विज्ञ र प्रभावित क्षेत्रका प्रतिनिधिको सहभागिता थियो।

■■■

## अप्ठेरोमा...

शुक्रबार सबै असन्तुष्ट पक्षहरूलाई पार्टीको केन्द्रीय कार्यालय सानेपा आउन पौडेलले अपिलसमेत गरेका छन्। 'हाम्रो घरभित्रका विमतिहरूलाई सडकमा लैजाने वा अदालतको ढोका कुरेर बस्ने समय यो होइन। राजनीतिक मुद्दाको समाधान केवल राजनीतिक संवादबाट मात्र सम्भव छ। आफ्ना फरक विचार बोकेर पार्टीको साझा मन्दिर सानेपा आउनुहोस्,' पौडेलले भनेका छन्। महामन्त्री पौडेलले पार्टीको आगामी १५औं महाधिवेशन तोकिएकै समयमा सम्पन्न गर्नुपर्नेमा जोड दिँदै नेतृत्व चयनको लोकतान्त्रिक प्रक्रियालाई स्वीकार गर्न सबैलाई आग्रह गरेका छन्।

बीपी कोइरालाको विचार र अग्रजहरूको त्यागलाई स्मरण गर्दै उनले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर मुलुकको समृद्धिका लागि कांग्रेस एकजुट हुनुपर्ने बताए। गत भदौ २३ र २४ गतेका घटनाक्रम र त्यसपछि विकसित परिस्थितिले मुलुक कठिन मोडमा पुगेको उल्लेख गर्दै पौडेलले कांग्रेस कमजोर हुँदा लोकतन्त्र नै संकटमा पर्ने चेतावनी दिए। 'हामी झगडिया वा रमिते भएर बस्दा देशले सही नेतृत्व पाउँदैन। त्यसैले सबै मतभेदलाई थाँती राखेर पार्टीको मूल प्रवाहमा गोलबद्ध हुन अपिल गर्दछु,' पौडेलले भनेका छन्।

■■■

## बोर्डले माग्यो...

आवेदकहरूको संक्षिप्त सूची तयार गरेर कम्प्युटर सीप परीक्षा र अन्तर्वार्ता लिइनेछ। स्वयम्सेवकले मासिक २५ हजार तलब पाउने छन्। सूचना प्रकाशन भएको सातौँ दिनको कार्यालयमा समयभित्र फारम बुझाइसक्नपर्ने बोर्डले जनाएको छ। बुधबार जारी सूचनामा आवेदन बुझाए बापत कुनै पनि शुल्क लाग्ने छैन।

कर्मचारीको छनोट प्रक्रिया बोर्डको वेभसाइटमा प्रकाशन भएको मापदण्ड र टिओआर बमोजिम हुनेछ। आवेदकहरूले बबरमहलमा रहेको बोर्डको सचिवालय या इमेलमार्फत पनि आवेदन दिन सक्नेछन्। इमेलमार्फत आवेदन दिनेहरूले विषयमा 'भोलुन्टियर स्टाफ' भनेर उल्लेख गर्न अनुरोधसमेत गरिएको छ। सूचनाबारे थप जानकारी श्रमाधान कल सेन्टर या बोर्डको कार्यालयमै सम्पर्क गरेर लिन सकिने पनि जनाइएको छ। बोर्डको नियमित कार्ययोजना र प्रशासनिक आवश्यकता पूर्तिका लागि आवेदन आह्वान गरिएको जनाइएको छ।

■■■

## मलेसियाले विदेशी...

सिमले विशेष गरी इलेक्ट्रोनिक्स उत्पादन र कृत्रिम बुद्धिमत्तासँग सम्बन्धित निर्यातबाट लाभान्वित हुने कम्पनीलाई मलेसियन कामदारलाई उच्च ज्याला र बोनसको माध्यमबाट आफ्नो लाभ लिन पनि आग्रह गरेको जनाइएको छ। सन् २०२४को तथ्याङ्कअनुसार मलेसियामा २४ लाखभन्दा बढी आप्रवासी श्रमिक छन्। विशेषगरि इन्डोनेसिया, नेपाल, बंगलादेश, फिलिपिन्स लगायतका मुलुकबाट श्रमिक जाने गरेका छन्। मलेसियाले प्रायजसो त्यहाँका श्रमिकले गर्न नरुचाउने काममा अन्य मुलुकबाट श्रमिक लग्दै आएको छ।

# विपद् प्रभावितलाई सहयोग गर्न अन्नपूर्ण गाउँपालिकाको आह्वान

**कास्की–** अन्नपूर्ण गाउँपालिकाले विपद् प्रभावितलाई सहयोग गर्न आह्वान गरेको छ। राहत र पुनःस्थापनाका लागि गाउँपालिकाले विपद् व्यवस्थापन कोष सञ्चालनमा ल्याएको छ।

गत असार र साउन महिनामा गाउँपालिका क्षेत्रमा आएको बाढी, पहिरो तथा अन्य विपद्जन्य घटनाबाट प्रभावित क्षेत्रको पुनर्निर्माण, पीडित परिवारको राहत, उद्धार तथा पुनःस्थापनाका लागि विपद् व्यवस्थापन कोष सञ्चालनमा ल्याएको गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले बताए।

'अविरल वर्षासँगै आएको बाढी, पहिरो तथा विभिन्न विपद्जन्य घटनाका कारण गाउँपालिकाभित्रका सडक, पुल, होटललगायत भौतिक संरचना, कृषि क्षेत्र तथा स्थानीय नागरिकको जनजीवनमा ठूलो क्षति पुगेको छ। हामी क्षतिको विवरण अझै संकलन गरिरहेका छौं। पालिका एक्लैको प्रयासले सम्भव नभएपछि विपद् व्यवस्थापनका लागि कोष बनाएर कठिन परिस्थितिमा प्रभावित परिवारको राहत, उद्धार र पुनःस्थापनाका लागि सबै व्यक्ति, संघसंस्था तथा सरोकारवालालाई विपद् व्यवस्थापन कोषमा सहयोग गर्न आह्वान गरेका छौं,' अध्यक्ष केसीले भने।

अन्नपूर्ण गाउँपालिकाले विपद् प्रभावितको उद्धार, राहत तथा पुनःस्थापनामा सबैको सहकार्य आवश्यक रहेको उल्लेख गर्दै स्वदेश तथा विदेशमा रहेका सहयोगी मनका व्यक्ति, विभिन्न संघसंस्था, सामाजिक तथा व्यावसायिक प्रतिष्ठानलाई विपद् व्यवस्थापन कोषमा सहयोग गर्न आग्रह गरेको छ। गाउँपालिकाले प्राप्त सहयोग रकमलाई विपद् प्रभावित परिवारको राहत, उद्धार, पुनर्निर्माण तथा पुनःस्थापनाका कार्यमा प्राथमिकताका साथ परिचालन गर्ने जनाएको छ।

अन्नपूर्णमा मोदी खोलाको बाढीले बिरेठाँटीमा पक्की कालोपत्र सडक बगाउँदा गाउँपालिकाका चार वडा सडक सम्पर्कबाट विच्छेद छन्। खोलाको कटानका कारण बिरेठाँटीमा करिब १०० मिटर कालोपत्र सडक बगाएको छ। विशेषगरी बीरेठाँटी क्षेत्र बढी प्रभावित भएको छ भने चिम्रुङ, हाइजुङलगायत आसपासका क्षेत्रमा पनि बाढीपहिरोले क्षति पुऱ्याएको गाउँपालिकाले जनाएको छ।

अन्नपूर्ण-११ झिनुस्थित मोदीखोला किनारमा रहेको तातोपानी कुण्डसमेत बाढीले बगाएको छ। बाढीले खोलाको किनारमा सिमेन्ट, ढुंगा बालुबाट निर्माण गरिएको तीनवटा तातोपानी कुण्ड पूर्णरूपमा बगाएर पूर्ण क्षति पुऱ्याएको हो। बाढीका कारण यस क्षेत्रका केही होटल, मन्दिर तथा झोलुंगे पुलसमेत बगाएको र क्षतिको विवरण संकलन भइरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवी बरालले बताए।

बाढीले बढी क्षति गरेको बिरेठाँटी पर्यटकीय क्षेत्र घान्द्रुक, छुम्रुङ र अन्नपूर्ण आधार शिविर (एबिसी) जाने प्रमुख प्रवेशमार्ग हो। यसैगरी बिरेठाँटी हुँदै तिखेढुंगा, उल्लेरी भएर म्याग्दीको प्रसिद्ध घोडेपानी तथा पुनहिल जाने महत्त्वपूर्ण पर्यटकीय मार्गसमेत हो। *रासस*


## युएइमा रोजगार

कम्पनी : PURNIMA HOSPITALITY AND SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०५/०५ LT. No. 346889 चलानी नं. ६०२६०११०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A CLEANER | 3 | 0 | 1300 | ५४.७५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 0 | 1 | 1800 | ७५.८१७ | | | | | | | |
| 3 | Cleaners (Hotel) | 3 | 0 | 1300 | ५४.७५६ | | | | | | | |
| 4 | Forman | 1 | 0 | 3000 | १२६.३६१ | | | | | | | |
| 5 | HOTEL SERVICE SUPERVISOR | 1 | 0 | 2500 | १०५.३०१ | | | | | | | |
| 6 | Labourer, Dry Cleaning | 3 | 0 | 1300 | ५४.७५६ | | | | | | | |
| 7 | Office Cleaner | 0 | 2 | 1300 | ५४.७५६ | | | | | | | |
| 8 | OFFICE CLEANER | 7 | 0 | 1300 | ५४.७५६ | | | | | | | |
| 9 | SUPERVISOR / GENERAL | 2 | 0 | 2800 | ११७.९३७ | | | | | | | |
| 10 | Waiter | 0 | 6 | 1900 | ८०.०२९ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ १३ गते (29th Aug. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

1559/079/80
FEWA OVERSEAS PVT. LTD
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530,
Roshan Raj Mishra 9808655324, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np

## साउदीमा रोजगार

कम्पनी : ASAN BEVERAGE CAFE

पूर्व स्वीकृति मिति : २०८३/०५/०४ LT. No. 346783 चलानी नं. ६०२५९९८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Tools Cleaning Worker | 1 | 0 | 1000 | ४०,५५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ १३ गते (29th Aug. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Employment Link Nepal Pvt. Ltd.
Tokha-10,Tokha Road, Samakhusi, Kathmandu, Nepal, Tel: +977-4371365, 4372698, 5900079
E-mail: elndocument@gmail.com, Website: www.employmentlinknepal.com
श्रम ईजाजत नं. २९९/०५८/०५९

## कुवेतमा रोजगार

कम्पनी : KARAK STATION RESTAURANT CO.

पूर्व स्वीकृति मिति : २०८३/०५/०५ LT. No. 346871 चलानी नं. ६०२६००६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 5 | 0 | 140 | ६९,५७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner Staff | 5 | 0 | 110 | ५४,६६० | | | | | | | |
| 3 | F & B Waiter | 5 | 0 | 135 | ६७,०८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ १३ गते (29th Aug. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

ERN EXPRESS Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897, 5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## जापानमा रोजगार

कम्पनी : Future Creation Business Cooperative

पूर्व स्वीकृति मिति : २०८३/०५/०५ LT. No. 346890 चलानी नं. ६०२६०१०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drilling Machine Labor | 3 | 0 | 195000 | १८७,८१३ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरिक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र। (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र। (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस। ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापनमा सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ १३ गते (29th Aug. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

1559/079/80
FEWA OVERSEAS PVT. LTD
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9844024322
9813432386, 9827644060, 9825201309 Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**लिक्वीडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ वमोजिम मिति २०८१/०१/१० मा दर्ता भएको **प्रा. लि. नं. ३३४७२१** को **हिमालयन ग्रीन लिभ्स रेष्टुरेन्ट एण्ड बार प्रा. लि.** को मिति २०८३/०५/०५ गतेको वार्षिक साधारणसभाको विशेष निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्वीडेशनमा लैजान निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम बाँकी बक्यौता लेनदेन आदि भएमा हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**दिपक खनाल (लिक्वीडेटर)**
**इजाजत पत्र नं. ६५८**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०५/०६ गते**

यस कम्पनीको मिति २०८३/०४/१८ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **थर्ड आइ प्रोडक्सन प्रा.लि.**को नाम परिवर्तन गरी **भेलोरा इन्टेरियर्स प्रा.लि.(दर्ता नम्बर १६४०२२)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०४/२८ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ। साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**हक दावी गर्न आउने बारेको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०८२/०५/१८ मा दर्ता भएको **छती माइ कृषि फार्म (प्रा.लि.नं. ३७४४८९)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**हिमालयन आँगन इन्टेरियर्स प्रा.लि. को खारेजी लिक्वीडेसन**
**सम्बन्धमा हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८२/१२/१० गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको हिमालयन आँगन इन्टेरियर्स प्रा.लि. (प्रा.लि.३८७५६/०८२/०८३) लाई खारेजी (लिक्विडेसन)मा लैजान कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०५/०५ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने ऋण, धन एवं कोहि कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस लिक्विडेटरको कार्यालय प्यूरालिष्ट लिगन क्लिनिक अनामनगरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना गरिएको छ।

**लिक्विडेटर सन्तोष राना मगर, ईजाजत नः १६५, मो.नं.९८४१५२७४२२, ९८१३२४४६५५**

**फर ट्रेक प्रा. ली को**
**कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०५३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०७२/१२/०२ मा दर्ता भएको (प्रा.लि. नं. १४६५१०) को **फर ट्रेक प्रा.ली** को संचालकहरुको मिति २०८३/०५/०५ गतेमा बसेको बिशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वीडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसँग कोही कसैको कुनै बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदावी गर्न निम्न लिखित लिक्वीडेटरसँग सम्पर्क राख्न हुन सूचित गरिन्छ।

**गंगा प्र. भेटवाल**
**दामासायी व्यवसायी**
**ईजाजत नं. ४९८**

**जी स्पेश ल फर्म**
**किर्तीपुर-०४, काठमाडौं**
**मोवाईल नं. ९८४९७१४८६७**

**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Nepal HR Solution Pvt. Ltd.** (इजाजत नम्बर 1082/073/074) मा कार्यरत निम्न कर्मचारी हाल यस संस्थाबाट राजिनामा दिइसकेको र कार्यरत नरहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ। निजहरु सँग यस प्रा. लि. को नाममा वैदेशिक रोजगार सम्बन्धि कुनै पनि काम नगर्नेरनगराउन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यसो गरेरगराएमा यस प्रा. लि. जिम्मेवार नहुने पनि जानकारी गराइन्छ। निजहरूसँग केहि दाबी विरोध भए यसै सूचनालाई आधार मानि ७ (सात) दिनभित्र यस प्रा. लि. मा वा वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**कर्मचारीको विवरणः**

| क्र.सं. | नाम (Name) | ठेगाना (Address) | नागरिकता नं. | पद (Designation) |
|---|---|---|---|---|
| १ | Roshan Khadka | रघुनाथपुर- ४, धनुषा, जनकपुर | ७५७२२९८० | Public Relations Officer |
| २ | Aklesh Kumar Sah | मिर्चैया नगरपालिका -७, सिराहा, सगरमाथा | १५१०४७/८ | Account |
| ३ | Sharmila Giri | इटहरी उपमहानगरपालिका -१७, सुनसरी, कोशी प्रदेश | २६-०१-७४-१०००९ | Kitchen helper |
| ४ | Parbati Subedi | काठमाडौँ महानगरपालिका -३२, काठमाडौँ | २७-०१-८१-०३४७९ | Receptionist |
| ५ | Reshma shahi shahi | नुवाकोट खानीगाउँ-१ | २५-०१-७३-०४२६१ | Documentation Officer |

Nepal HR Solution Pvt. Ltd.
Sinamangal-09, Kathmandu, Nepal, Tel.: 01-4593554
Email :- snepalhr@gmail.com



# पर्वतीय पर्यटनले खोल्दै छ अर्थतन्त्रको नयाँ ढोका

पर्वतारोहणबाट राज्यले पाउने रोयल्टीलाई मात्र यसको आर्थिक योगदानको मापन मान्दा पर्वतीय पर्यटनको वास्तविक योगदान ओझेलमा पर्न सक्छ । एउटा आरोहण दलले अनुमति लिएपछि त्यसको खर्च आरोहण शुल्कमामात्र सीमित हुँदैन । काठमाडौंमा तयारीदेखि सोलुखुम्बुको लुक्लासम्मको हवाई यात्रा, खुम्बुका होटल तथा लज, गाइड तथा भरियाको पारिश्रमिक, खाद्यान्न, आरोहण सामग्री, सञ्चार, बिमा र उद्धारसम्म विभिन्न चरणमा खर्च हुने गर्दछ ।

**सुवास दर्नाल**/सोलुखुम्बु

विश्वको सर्वोच्च शिखर सगरमाथासहित विश्वका अग्ला हिमशृंखला र सयौं आरोहणयोग्य हिमाल रहेको नेपालका लागि पर्वतीय पर्यटन केवल साहसिक गतिविधिमात्र होइन, विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना, स्थानीय अर्थतन्त्रको विस्तार र राष्ट्रिय पर्यटन उद्योगको महत्त्वपूर्ण आधार बन्दै गएको छ । पछिल्ला वर्षमा पर्वतारोहण तथा पदयात्राका लागि नेपाल आउने पर्यटकको संख्या, आरोहण अनुमति र यसबाट हुने आर्थिक कारोबारले पर्वतीय पर्यटनको सम्भावना अझ फराकिलो रहेको पाइएको छ ।

सगरमाथाको प्रवेशद्वार सोलुखुम्बुबाट हेर्दा यसको प्रभाव अझ स्पष्ट देखिन्छ । हिमाल आरोहणका लागि आउने विदेशी पर्यटकसँगै गाइड, उच्च हिमाली कामदार, भरिया, कुक, होटल व्यवसायी, यातायात व्यवसायी, पर्यटन सामग्री बिक्रेता तथा अन्य सेवा प्रदायकसम्मको आम्दानी जोडिएको हुन्छ । यसरी हिमालमा सुरु हुने आर्थिक गतिविधि गाउँ हुँदै राष्ट्रिय अर्थतन्त्रसम्म पुग्ने गरेको छ ।

## पर्वतीय पर्यटनमा पुनरुत्थान

नेपालको पहिचानका रूपमा रहेको पर्वतीय पर्यटन (ट्रेकिङ तथा पर्वतारोहण) महामारीको कडा असरलाई चिर्दै पुनः पुरानै उच्च लयमा फर्किएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको विगत पाँच वर्षको तथ्यांकअनुसार सन् २०२१ को तुलनामा सन् २०२५ सम्म आइपुग्दा ट्रेकिङ र पर्वतारोहणका लागि नेपाल आउने विदेशी पर्यटकको संख्या ४७७.१ प्रतिशत अर्थात् ५.८ गुणाले बढेको छ ।

सन् २०२१ मा कोभिड-१९ सम्बन्धी कडा प्रतिबन्ध र 'लकडाउन'का कारण जम्मा २८ हजार ६०० जना पर्यटकमात्र पर्वतीय गतिविधिमा सहभागी भएका थिए । सन् २०२२ मा अन्तर्राष्ट्रिय सीमा र हवाई सेवा खुला भएसँगै पदयात्रामा आउनेको संख्या ११५.६ प्रतिशतले बढेर ६१ हजार ६६९ पुग्यो । यो वृद्धिदर त्यसपछिका वर्षमा पनि निरन्तर कायम रह्यो । सन् २०२३ मा ६५ प्रतिशतको वृद्धिदरसहित एक लाख एक हजार ७९२ जना र सन् २०२४ मा थप ५२.२ प्रतिशतले बढेर एक लाख ५४ हजार ९०० पुगेको पर्वतीय पर्यटकको संख्या सन् २०२५ मा एक लाख ६५ हजार ५६ जना पुगेको छ । यो अघिल्लो वर्ष सन् २०२४ को तुलनामा ६.५ प्रतिशतको क्रमिक वृद्धि हो ।

पर्वतीय पर्यटनको यो पुनरागमनले कूल पर्यटक आगमनमा पनि आफ्नो बलियो उपस्थिति देखाएको छ । सन् २०२१ पछि नेपाल आउने कूल पर्यटकमध्ये पर्वतीय क्षेत्रमा जानेहरूको हिस्सा घटेर १० प्रतिशतसम्म झरेको थियो । तर, पछिल्ला तीन वर्षको निरन्तर सुधारपछि सन् २०२५ मा यो हिस्सा बढेर १४.२ प्रतिशत पुगेको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको २०२५ को तथ्यांकअनुसार सन् २०२५ मा नेपालमा कूल ११ लाख ६२ हजार ३६५ विदेशी पर्यटक आएका थिए । तीमध्ये एक लाख ६५ हजार ५६ जना अर्थात् १४.२ प्रतिशत पर्यटकको मुख्य उद्देश्य ट्रेकिङ तथा पर्वतारोहण थियो । यसले नेपालमा आउने प्रत्येक सात जना पर्यटकमध्ये करिब एक जना पर्वतीय गतिविधिसँग प्रत्यक्ष जोडिएको देखाउँछ ।

पर्यटनको यो हिस्सा केबल पर्यटक आगमनको संख्यामामात्रै सीमित छैन । पर्वतीय पर्यटकले आवास, खानपान, यातायात, गाइड, भरिया, आरोहण सामग्री, बिमा, अनुमति, उद्धारलगायतका विभिन्न क्षेत्रमा गर्ने खर्चले अर्थतन्त्रमा बहुआयामिक प्रभाव पार्ने विश्वविख्यात पर्वतारोही स्पीडकाजी शेर्पा बताउँछन् । 'एक जना विदेशी पर्यटक नेपाल प्रवेश गरेदेखि स्वदेश नफर्किएसम्म प्रत्यक्ष र अप्रत्यक्ष रूपमा १२ जनाभन्दा बढी नेपालीले रोजगारी पाउँछन् । विमानस्थलबाट ओसारपसार गर्ने ट्याक्सी चालकदेखि ट्रेकिङ कम्पनी, गाइड, पोर्टर, आरोहण सहयोगी, होटल तथा अन्य सेवा प्रदायकसम्ममा यसको लाभ पुग्छ,' शेर्पाले भने, 'त्यसैले पर्वतीय पर्यटनलाई पर्यटकको संख्या र रोयल्टीबाट मात्र मूल्यांकन गर्न हुँदैन, यसले सिर्जना गर्ने रोजगारी, आय र आर्थिक गतिविधिको समग्र प्रभावलाई हेर्नुपर्छ ।'

> पर्वतारोहणबाट मुलुकले प्रत्यक्ष रूपमा प्राप्त गर्ने प्रमुख आर्थिक लाभमध्ये रोयल्टी महत्त्वपूर्ण हो । सगरमाथा, ल्होत्से, मनास्लु, मकालु, धौलागिरि, कञ्चनजंघालगायतका हिमालबाट सरकारले पर्वतारोहण रोयल्टी प्राप्त गर्दै आएको छ । त्यससँगै तुलनात्मकरूपमा कम उचाइका आरोहणयोग्य हिमालले पनि आर्थिक गतिविधिमा योगदान गरिरहेका छन् ।

## हिमालबाट राज्यलाई राजस्व

पर्वतारोहणबाट मुलुकले प्रत्यक्ष रूपमा प्राप्त गर्ने प्रमुख आर्थिक लाभमध्ये रोयल्टी महत्त्वपूर्ण हो । सगरमाथा, ल्होत्से, मनास्लु, मकालु, धौलागिरि, कञ्चनजंघालगायतका हिमालबाट सरकारले पर्वतारोहण रोयल्टी प्राप्त गर्दै आएको छ । त्यससँगै तुलनात्मकरूपमा कम उचाइका आरोहणयोग्य हिमालले पनि आर्थिक गतिविधिमा योगदान गरिरहेका छन् ।

सरकारी तथ्यांकअनुसार नेपाल पर्वतारोहण संघमार्फत अनुमति जारी हुने २७ वटा हिमालमा सन् २०२५ मा सात हजार ५४ जनाले आरोहण अनुमति लिएका थिए । तीमध्ये छ हजार ९०३ विदेशी र १५१ नेपाली आरोही थिए । यी हिमालबाट मात्रै १४ लाख २५ हजार ७२० अमेरिकी डलर अर्थात् करिब २० करोड रूपैयाँ रोयल्टी संकलन भएको छ ।

पर्वतीय पर्यटनका जानकार तथा नेपाल पर्वतारोहण संघका पूर्वअध्यक्ष आङछिरिङ शेर्पाका अनुसार पर्वतारोहणबाट सिर्जना हुने आर्थिक योगदानलाई रोयल्टीमामात्र सीमित गरेर हेर्न मिल्दैन । आरोहीले नेपालमा गर्ने अन्य खर्च जोड्दा यसको वास्तविक आर्थिक प्रभाव निकै ठूलो हुन्छ । एक जना आरोही नेपाल आउँदा अनुमति शुल्कबाहेक आरोहणका लागि आवश्यक उपकरण, लजिस्टिक, गाइड, उच्च हिमाली कामदार, खाद्यान्न, आवास, यातायात, सञ्चार तथा उद्धारमा खर्च हुन्छ । तीमध्ये ठूलो हिस्सा निजी क्षेत्र र स्थानीय सेवा प्रदायकसम्म पुग्ने शेर्पाको भनाइ छ ।

## सोलुखुम्बुको अर्थतन्त्रमा हिमालको प्रभाव

नेपालको पर्वतीय पर्यटनको आर्थिक प्रभाव बुझ्न सोलुखुम्बु एउटा महत्त्वपूर्ण उदाहरण हो । सगरमाथा आरोहणका लागि विश्वभरबाट आउने आरोही तथा अन्य पर्यटकका कारण खुम्बु क्षेत्रमा पर्यटनसँग सम्बन्धित व्यवसायको ठूलो सञ्जाल विकास भएको छ । लुक्लाबाट सुरु हुने पर्यटन गतिविधि फाक्दिङ, नाम्चे, थामे, तेङ्बोचे, दिङ्बोचे, लोबुचे हुँदै आधार शिविरसम्म फैलिन्छ । होटल, लज, रेस्टुरेन्ट, पसल, गाइड, भरिया, यातायात, सञ्चार तथा पर्यटन सामग्रीको कारोबार यसैसँग जोडिन्छ तर सोलुखुम्बुको पर्वतीय पर्यटन सगरमाथामा मात्र सीमित छैन । मेरा पिक, आइल्यान्ड पिक र लोबुजे इस्टजस्ता हिमालले पनि ठूलो संख्यामा आरोही आकर्षित गरिरहेका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रकाशित गरेको 'नेपाल पर्यटन तथ्यांक-२०२५' अनुसार नेपाल पर्वतारोहण संघमार्फत व्यवस्थापन हुने हिमालमध्ये सोलुखुम्बु क्षेत्रका मेरा पिकमा दुई हजार ६३३, आइल्यान्ड पिकमा दुई हजार ७८ र लोबुजेमा एक हजार ७७५ जनाले आरोहण अनुमति लिएका थिए । यी तीन हिमालमा मात्रै छ हजार ४८६ आरोहीले अनुमति लिएका थिए । यसले सगरमाथाबाहेकका हिमालमा पनि पर्यटनको ठूलो आर्थिक सम्भावना रहेको देखाउँछ ।

## नयाँ हिमाल, नयाँ आर्थिक अवसर

नेपालमा पर्वत पर्यटन विस्तारका लागि अबको मुख्य अवसर भनेकै नयाँ आरोहण गन्तव्यको विकास र प्रवर्द्धन हो । केही सीमित हिमालमा पर्यटक तथा आरोहीको चाप केन्द्रित हुँदा पर्यटनबाट प्राप्त हुने आर्थिक लाभ पनि सीमित क्षेत्रमा केन्द्रित हुने गरेको छ । कम चर्चित हिमाललाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउनसके नयाँ क्षेत्रमा पर्यटन पूर्वाधार विकास, रोजगारी सिर्जना र स्थानीय उत्पादनको बजार विस्तार गर्न सकिन्छ ।

सोलुखुम्बुकै उदाहरण हेर्दा मेरा पिक, आइल्यान्ड पिक तथा लोबुजेमा भइरहेको आरोहण गतिविधिले सगरमाथा आरोहण नगर्ने पर्यटकलाई जिल्ला भित्र्याउन सहयोग गरेको छ । यसबाट पर्यटकको बसाइ लम्ब्याउने र स्थानीय खर्च बढाउने अवसर सिर्जना हुन्छ । नेपालले पर्वतीय पर्यटनलाई सगरमाथाको ब्रान्डमामात्र निर्भर नराखी हिमालको विविधता प्रस्तुत गर्नसके विश्वबजारमा नेपालको पर्वतीय पर्यटन उत्पादन अझ प्रतिस्पर्धी बन्नसक्ने कीर्तिमानी आरोही तेम्बाछिरी शेर्पाले बताए ।

क्रमशः पृष्ठ ४ मा

# कृषितर्फ आकर्षित हुँदै भोजपुरका किसान

**युवराज विष्ट**/भोजपुर



जिल्लामा सञ्चालन भएका विभिन्न अनुदान तथा प्राविधिक सहयोगका कार्यक्रमले किसानलाई व्यावसायिक कृषितर्फ आकर्षित गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् । कृषि उत्पादनका लागि आवश्यक सिँचाइ पूर्वाधार, उन्नत बिरुवा, कृषि यान्त्रिकीकरण, प्रशोधन तथा बजारीकरणमा सहयोग उपलब्ध हुन थालेपछि जिल्लाका किसान परम्परागत निर्वाहमुखी खेतीबाट व्यावसायिक उत्पादनतर्फउन्मुख हुन थालेका हुन् ।

कृषि क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण आधारका रूपमा विकास गर्ने उद्देश्यले सञ्चालन गरिएका कार्यक्रमबाट सुन्तला, अलैंची, तरकारी, खुर्सानीलगायत नगदे तथा व्यावसायिक बालीको क्षेत्र विस्तार हुन थालेको छ । अनुदानसँगै प्राविधिक परामर्श र आवश्यक कृषि सामग्री उपलब्ध हुँदा किसानलाई नयाँ प्रविधि प्रयोग गरेर उत्पादन बढाउन थप हौसला मिलेको छ ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ संखुवासभाअन्तर्गतको जोन प्राविधिक एकाइ भोजपुरले जिल्लामा अलैंची 'सुपर जोन' सञ्चालन गर्दै आएको छ । जिल्लाका नौ स्थानीय तहमध्ये सात स्थानीय तहका ३५ वडा यस कार्यक्रममा समेटिएका छन् । यसैगरी सुन्तलाखेती प्रवर्द्धनका लागि पाँच स्थानीय तहका २६ वडालाई समेटेर 'सुन्तला जोन' स्थापना गरिएको छ ।

जोन प्राविधिक एकाइ भोजपुरका प्रमुख कौसिला विष्टका अनुसार कार्यक्रमअन्तर्गत किसानलाई अनुदानसँगै खेती प्रविधि, रोग तथा कीरा नियन्त्रण, बगैँचा व्यवस्थापन, सिँचाइ, कृषि यान्त्रिकीकरण तथा उत्पादनको बजारीकरणलगायत विषयमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइँदै आएको छ ।

गत आर्थिक वर्ष २०८२/८३ मा मात्र विभिन्न शीर्षकमा १०९ जना किसानले अनुदान सहयोग प्राप्त गरेका छन् । प्रमुख विष्टले भने, 'अनुदानसँगै किसानलाई आवश्यक प्राविधिक ज्ञान र प्रविधि उपलब्ध गराउँदा उत्पादनमा वृद्धि हुनुका साथै व्यावसायिक खेती गर्ने किसानको संख्या बढ्दै गएको छ ।'

कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रमले पनि जिल्लामा व्यावसायिक कृषिको आधार विस्तार गर्न सहयोग पुऱ्याएको छ । यस कार्यक्रमअन्तर्गत भोजपुर नगरपालिका-५ की संगीता श्रेष्ठले १०० रोपनी क्षेत्रमा व्यावसायिक तरकारी तथा खुर्सानीखेती गर्दै आएकी छन् । उनको कृषि उद्यमका लागि कार्यालयले चार लाख रूपैयाँ अनुदान उपलब्ध गराएको थियो भने ५० प्रतिशत लागत साझेदारी किसान आफैंले गरेकी छन् । कृषिमा लगानी गर्न आवश्यक पुँजीको अभाव रहेका किसानका लागि लागत साझेदारीमा प्राप्त हुने अनुदानले व्यवसाय विस्तार गर्न सहज भएको उनको भनाइ छ ।

तरकारी तथा खुर्सानी खेतीबाट नियमित आम्दानी लिन सकिने भएपछि अन्य किसान पनि व्यावसायिक उत्पादनतर्फ आकर्षित हुन थालेको उनी बताउँछिन्

क्रमशः पृष्ठ ४ मा

> राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ संखुवासभाअन्तर्गतको जोन प्राविधिक एकाइ भोजपुरले जिल्लामा अलैंची 'सुपर जोन' सञ्चालन गर्दै आएको छ । जिल्लाका नौ स्थानीय तहमध्ये सात स्थानीय तहका ३५ वडा यस कार्यक्रममा समेटिएका छन् । यसैगरी सुन्तलाखेती प्रवर्द्धनका लागि पाँच स्थानीय तहका २६ वडालाई समेटेर 'सुन्तला जोन' स्थापना गरिएको छ ।

# ११ महिनामा पाकेको गहुँ साइत जुराएर भित्र्याउँछन् चुमभ्यालीका किसान

■ प्रतीक्षा आले



**गोरखा–** ११ महिनामा फलेको गहुँ भित्र्याउन चुमभ्यालीका किसानलाई यतिबेला भ्याइनभ्याइ छ । तिब्बतको सीमा क्षेत्रमा पर्ने चुमनुब्री गाउँपालिका-७ का किसान हाल गहुँ काट्न, कुट्न, केलाउन र थन्क्याउनमा व्यस्त छन् ।

चुमभ्यालीको छेकम गाउँका दोर्जे लामाका अनुसार पुरुषले गहुँ काट्ने र कुट्ने तथा महिलाले केलाउने र थन्क्याउने गर्छन् । गहुँ भित्र्याएपछि केही दिनमै तोरी र फापर काट्न, झाँट्न र कुट्न थालिन्छ । गत असोजमा लगाइएको गहुँ, फापर र तोरी अहिले भित्र्याउने समय भएको लामाले बताए । चुमभ्यालीमा साउनको पहिलो सातादेखि गहुँ काट्न सुरु गरिएको हो । यहाँ बाली भित्र्याउनुअघि स्थानीय लामाबाट साइत जुराउने परम्परा छ । चुमभ्यालीमा साइत जुराएर बाली भित्र्याएमा सहकाल रहने जनविश्वास रहेको स्थानीय प्रमुख लामा पासाङ फुञ्जोले बताए । यहाँ सबै गाउँमा एकैपटक बाली काटिँदैन । छेकम, जोङ, ङाक्यू, लेरु, लामागाउँ, बुर्जी, लार, पाङदुन, छुले र निलेका बासिन्दाले आलोपालो गरेर बाली थन्क्याउने गरेका छन् ।

भौगोलिकरूपमा गाउँहरू टाढा छन् चार घण्टा पैदल हिँडेर पनि गाउँले एकअर्काको खेतबारीमा काम गर्न पुग्छन् । अबको एक महिनामा चुमभ्यालीका सबै गाउँमा गहुँ, फापर र तोरी भित्र्याइसक्नुपर्ने छ ।

चुमनुब्री-७ छेकम्पार चीनको स्वशासित क्षेत्र सिचाङको सीमा क्षेत्रमा तीन हजार ३०० देखि तीन हजार ५०० मिटरको उचाइमा छ । यहाँ गहुँ पाक्न ११ महिना लाग्छ । 'यहाँ गहुँ, फापर र आलुमात्र खेती गर्ने गरिन्छ,' प्रमुख लामा फुञ्जोले भने, 'बारीमा गहुँ र फापर आलोपालो गरी बालीचक्र मिलाएर लगाउने चलन छ ।'

एक वर्षमा एकपटक मात्र खेती हुने चुमभ्यालीमा ११ महिना लगाएर उत्पादन भएको गहुँले स्थानीयको वर्षभरको आवश्यकता धान्ने गरेको छ । यहाँ उत्पादित गहुँ र फापर गुणस्तरीय मानिने भएकाले काठमाडौं तथा विदेशमा बस्ने लामा गुरुहरूले समेत खरिद गर्ने चलन रहेको प्रमुख लामाले बताए ।

## खेतीमा बढ्दो मेसिनको प्रयोग

हिमाली भेगको परम्परागत खेती प्रणालीमा पछिल्लो समय प्रविधिको प्रयोग पनि बढ्दै गएको छ । चुमभ्यालीका किसानले करिब १० वर्षदेखि तिब्बती बजारबाट ल्याइएका मेसिनमार्फत गहुँ काट्ने र कुट्ने गरेका छन् ।

चुमभ्यालीका अधिकांश घरमा गहुँ काट्ने र कुट्ने मेसिन रहेका चुमनुब्री-७ का वडाध्यक्ष टासीदोर्जे लामाले बताए । चुमभ्यालीमा उत्पादित गहुँ र फापर मुख्यतः ढिँडो बनाउन प्रयोग हुन्छ । स्थानीयवासीले ढिँडोसँगै रोटी र चम्पा बनाउन पनि गहुँ प्रयोग गर्छन् । याक र नाकको दानाका साथै घरेलु मदिरा उत्पादनमा गहुँ प्रयोग हुने गरेको छ । *रासस*

# महाकाली अस्पतालमा जनशक्ति र उपकरण अभाव

## मिर्गौलाका बिरामीलाई उपचारमा समस्या

**कञ्चनपुर–** कञ्चनपुरस्थित महाकाली प्रादेशिक अस्पतालमा आवश्यक जनशक्ति र उपकरण नहुँदा मिर्गौला पीडित बिरामीले सहजरूपमा उपचार पाउन सकेका छैनन् । सीमित स्रोतसाधनका कारण अस्पतालमा डायलाइसिस गराउँदै आएका बिरामीलाई नियमित सेवा दिन समस्या भइरहेको छ ।



मिर्गौला पीडित बिरामीले हस्तामा दुई पटकसम्म डायलाइसिस गर्नुपर्ने भए पनि अस्पतालमा उपलब्ध जनशक्ति र उपकरण बिरामीको चापअनुसार पर्याप्त नहुँदा बिरामीले पालो कुरेर बस्नुपर्ने समस्या रहेको महाकाली प्रादेशिक अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट जगदीश जोशीले जानकारी दिए । 'हामीसँग चार जना स्टाफनर्स भए भोलिदेखि नै रातिको सिफ्टमासमेत डायलाइसिस सेवा सञ्चालन गर्न सक्छौं,' जोशीले भने, 'अहिले कार्यरत जनशक्तिसमेत पर्याप्त छैन समिति उपकरण छन् बिरामीको चाप छ ।'

मेसु जोशीका अनुसार अहिले अस्पतालले दुई सिफ्टमा सेवा प्रदान गर्दै आएको छ । शयचा अभावका कारण २५ जनासम्म पालो कुरेर बस्नुपर्ने अवस्था रहेको उनले बताए । 'अहिले १० वटा बेड उपलब्ध छन् । नौ वटा सञ्चालनमा छन् एउटा मेसिन इमर्जेन्सीका लागि ब्याकअपमा राख्नुपर्ने हुन्छ,' उनले भने, 'आवश्यक उपकरण र जनशक्ति अभावका हुँदा सहजरूपमा सेवा दिन सकिएको छैन ।'

महाकाली अस्पतालमा दैनिक २५ बिरामी डायलाइसिस सेवा लिन आउने गरेका छन् । डायलाइसिसका लागि आउने बिरामीको संख्या बढ्दै गए पनि आवश्यक उपकरण, शयचा र जनशक्ति नहुँदा उपचार व्यवस्थापनमा चुनौती देखिएको छ । सुदूरपश्चिम प्रदेशका नवनियुक्त मुख्यमन्त्री खगराज भट्टले पदभार ग्रहण गर्दै पहिलो निर्णय सुदूरपश्चिमका अस्पतालमा डायलाइसिस शयचा थप गरेर मिर्गौलाका बिरामीको उपचारमा पहुँच बढाउने निर्णय गरेका थिए ।

अस्पताल प्रशासनले शयचा थपेरमात्रै समस्या समाधान नहुने बताउँदै शयचासँगसँगै जनशक्ति र उपकरणसमेत थप गर्नुपर्ने अस्पतालले जनाएको छ । 'शयचा थपेरमात्रै हुँदैन आवश्यक जनशक्ति र उपकरण पनि थप्नु आवश्यक छ,' मेसु जोशीले भने, 'हामीसँग भौतिक संरचना छ, शयचा र जनशक्ति थप भए राति पनि उपचार गर्न सक्छौं ।' महाकाली प्रादेशिक अस्पतालमा डायलाइसिसका लागि पालो नपाउँदा अहिले पनि यहाँबाट बिरामीहरू उपचारका लागि अन्यत्र जाने गरेका छन् । *रासस*

पृष्ठ ४ बाट क्रमश:

# पर्वतीय पर्यटनले...

## दक्ष जनशक्ति र रोजगारी

पर्वत पर्यटनले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा ठूलो संख्यामा रोजगारी सिर्जना गरेको छ । गाइड, भरिया, कुक, होटल कर्मचारी, आरोहण सहयोगी, उद्धारकर्मी, पर्यटन व्यवसायी तथा विभिन्न सेवा प्रदायक यस क्षेत्रसँग जोडिएका छन् । तर अन्तर्राष्ट्रिय पर्वतारोहण बजारमा प्रतिस्पर्धा गर्न दक्ष र प्रमाणित जनशक्ति आवश्यक हुन्छ । सुरक्षित पर्वतारोहणका लागि व्यावसायिक गाइड, उद्धारकर्मी र उच्च हिमाली कामदारको क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता छ । नेपाल पर्वतारोहण संघ र पर्यटन क्षेत्रका अन्य निकायले तालिम तथा दक्षता अभिवृद्धिका कार्यक्रम अघि बढाइरहेका छन् ।

सन् २०२५ मा व्यावसायिक माउन्टेन गाइड तालिमअन्तर्गत सिटिइभिटीबाट स्वीकृत पाठ्यक्रममा तालिमसमेत सञ्चालन भएको थियो । नेपाल पर्वतारोहण संघका अध्यक्ष फुरगेल्जे शेर्पाले नेपालमा सुरक्षित, व्यावसायिक र दिगो पर्वतीय पर्यटन विकासका लागि दक्ष जनशक्ति आवश्यक रहेको बताउँदै आएका छन् । उनले पर्वत पर्यटनको प्रवर्द्धनसँगै नयाँ पुस्तालाई यस क्षेत्रमा आकर्षित गर्ने र अन्तर्राष्ट्रियस्तरको दक्षता विकास गर्नुपर्नेमा जोड दिएका छन् ।

## हिमाल संरक्षणसँग जोडिएको अर्थतन्त्र

पर्वतीय पर्यटनको विस्तारसँगै वातावरण संरक्षण अर्को महत्त्वपूर्ण विषय हो । जलवायु परिवर्तनका कारण हिमनदी पग्लिने, हिमतालको आकार परिवर्तन हुने, हिमपहिरोको जोखिम बढ्ने तथा आरोहण मार्गमा परिवर्तन आउनेक्रमले पर्वतीय पर्यटनको भविष्यमा चुनौती थपेको नेपाल पर्वतारोहण संघका अध्यक्ष शेर्पाले बताए । खुम्बु क्षेत्रमा देखिएका हिमनदी तथा हिमतालका परिवर्तनले पर्वतारोहण र पर्यटन पूर्वाधारको सुरक्षाबारे प्रश्न उठाएको छ ।

संघले पनि वातावरणीय जिम्मेवारी, पर्वतारोहण सुरक्षा तथा उच्च हिमाली उद्धार क्षमतामा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । संघको आयोजनामा गत मंगलबारदेखि काठमाडौंमा प्रोफेसनल माउन्टेन गाइड (पिएमजी) प्रशिक्षण 'स्किल कोर्स' सुरु भएको छ । चालिस दिने उक्त प्रशिक्षण काठमाडौं र ताप्लेजुङको कञ्चनजंघा क्षेत्रमा सञ्चालन हुने आयोजकले जनाएको छ । यो प्रशिक्षण प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) बाट स्वीकृत एक हजार ६९६ घण्टे व्यावसायिक पर्वतीय पथप्रदर्शकसम्बन्धी पाठ्यक्रमको महत्त्वपूर्ण हिस्सा भएको अध्यक्ष शेर्पाले जानकारी दिए ।

## स्थानीयस्तरमा ठूलो आर्थिक लाभ

पर्वतारोहणबाट राज्यले पाउने रोयल्टीलाई मात्र यसको आर्थिक योगदानको मापन मान्दा पर्वतीय पर्यटनको वास्तविक योगदान ओझेलमा पर्न सक्छ । एउटा आरोहण दलले अनुमति लिएपछि त्यसको खर्च आरोहण शुल्कमामात्र सीमित हुँदैन । काठमाडौंमा तयारीदेखि सोलुखुम्बुको लुक्लासम्मको हवाई यात्रा, खुम्बुका होटल तथा लज, गाइड तथा भरियाको पारिश्रमिक, खाद्यान्न, आरोहण सामग्री, सञ्चार, बिमा र उद्धारसम्म विभिन्न चरणमा खर्च हुने गर्दछ ।

यसरी एउटै आरोहीले गरेको खर्च धेरै व्यवसाय तथा श्रमिकलाई आर्थिक लाभ मिल्ने भएकाले यसको प्रभाव स्थानीय अर्थतन्त्रमा पर्ने पर्यटक व्यवसायी बलबहादुर दर्नालको भनाइ छ । उनका अनुसार स्थानीय तह र पर्यटन व्यवसायीलाई पर्वत पर्यटनको लाभसँग थप जोड्न आवश्यक छ । हिमाल भएको ठाउँका बासिन्दाले पर्यटनबाट प्रत्यक्ष आर्थिक लाभ पाउने वातावरण बनाउनसके पर्वत पर्यटन स्थानीय विकासको माध्यम बन्नसक्ने सगरमाथा प्रदूषण नियन्त्रण समितिका अध्यक्ष लामाकाजी शेर्पाले बताए । *रासस*

■ ■ ■

# कृषितर्फ आकर्षित...

सोही कार्यक्रममार्फत जिल्लाका अन्य पाँच वटा कृषि फर्मलाई चार/चार लाख रूपैयाँका दरले अनुदान सहयोग उपलब्ध गराइएको कार्यालयले जनाएको छ । यसबाट कृषि व्यवसाय सञ्चालन गरिरहेका किसानले उत्पादनका लागि आवश्यक संरचना निर्माण, सिँचाइ, कृषि सामग्री तथा अन्य पूर्वाधार विकासमा लगानी गर्न पाएका छन् ।

भोजपुर नगरपालिका-३ गुप्तेश्वरका किसान हरिप्रसाद प्रधान पनि अनुदानबाट लाभ लिने किसानमध्ये हुन् । उनले कार्यालयबाट प्राप्त सहयोगले व्यावसायिक कृषि विस्तार गर्न थप प्रेरणा मिलेको बताए । गत आवमा अनुदान सहयोगमा पक्की सिँचाइ पोखरी निर्माण गर्नुका साथै करिब २० रोपनी क्षेत्रफलमा ५०० सुन्तलाका बिरुवा खेती विस्तार गरेका छन् । 'राज्यको अनुदानका कार्यक्रमले हामीजस्ता किसानलाई राहत मिलेको छ,' उनले भने, 'सिँचाइको व्यवस्था भएपछि बगैँचा विस्तार गर्न सहज भएको छ । पहिले पानीको अभावमा खेती विस्तार गर्न समस्या थियो । अहिले संरचना बनेपछि उत्पादन बढाउने लक्ष्यसहित काम गरिरहेको छु ।'

भोजपुर नगरपालिकाका प्रमुख कैलाशकुमार आलेले राज्यका तहबाट सञ्चालन भइरहेका अनुदानका कार्यक्रमले किसानलाई व्यावसायिक बन्न सहयोग पुगेको बताए । 'अनुदानमा सञ्चालन भएका कार्यक्रमले किसानलाई व्यावसायिक कृषि उत्पादनमा लाग्न टेवा पुगेको छ,' प्रमुख आलेले भने, 'किसानले अनुदानको सदुपयोग गरेर उत्पादन र आम्दानी बढाउनेतर्फ ध्यान दिन आवश्यक छ ।' सिँचाइ पूर्वाधार निर्माण तथा मर्मतसम्भार कार्यक्रमले पनि किसानलाई व्यावसायिक उत्पादनमा लाग्न सहयोग गरेको छ । कार्यालयका अनुसार गत आवमा यस कार्यक्रममार्फत ५४ जना किसानलाई अनुदान सहयोग उपलब्ध गराइएको छ । सिँचाइ सुविधा विस्तार भएपछि वर्षामामात्र निर्भर हुनुपर्ने अवस्थाको अन्त्य हुँदै गएको छ ।

कृषि उत्पादनमा सिँचाइको महत्त्वपूर्ण भूमिका हुने भएकाले पोखरी, पाइपलाइनलगायत संरचना निर्माणमा दिइएको सहयोगले किसानलाई बाली विविधीकरण गर्नसमेत सहज बनाएको कार्यालयको भनाइ छ । सिँचाइ सुविधा पुगेका क्षेत्रमा एउटै बालीमामात्र निर्भर नरही तरकारी, सुन्तला, खुर्सानी तथा अन्य नगदेबाली लगाउनेक्रम बढेको छ । अलैँची उत्पादनलाई गुणस्तरीय र व्यावसायिक बनाउन सुधारिएको आधुनिक अलैँची भट्टी निर्माण तथा जडान कार्यक्रमसमेत सञ्चालन गरिएको छ ।

यस कार्यक्रमअन्तर्गत गत आवमा ३० वटा आधुनिक अलैँची भट्टी वितरण गरिएको कार्यालयले जनाएको छ । परम्परागत भट्टीको तुलनामा आधुनिक प्रविधिको प्रयोगबाट अलैँची सुकाउँदा गुणस्तर कायम गर्न तथा उत्पादनको मूल्य बढाउन सहयोग पुग्ने किसानको भनाइ छ । सुन्तला बाली क्षेत्र विस्तार कार्यक्रमअन्तर्गत ११ वटा कृषि फर्मले अनुदान प्राप्त गरेका छन् । यस कार्यक्रमबाट सिँचाइ पोखरी निर्माण, सुन्तलाका बिरुवा, पाइप वितरण तथा कृषि यान्त्रिकीकरणमा सहयोग गरिएको छ । सुन्तलाखेतीमा नयाँ क्षेत्र विस्तार गर्नुका साथै पुराना बगैँचाको व्यवस्थापनमा किसानलाई प्रोत्साहन गरिएको कार्यालयले जनाएको छ ।

भोजपुरको मध्यपहाडी क्षेत्रमा सुन्तलाखेतीको राम्रो सम्भावना रहेकाले बगैँचा विस्तारसँगै गुणस्तरीय बिरुवा उत्पादन र रोग नियन्त्रणमा ध्यान दिनुपर्ने आवश्यकता रहेको कृषि प्राविधिकको भनाइ छ । कार्यालयले सुन्तला नर्सरी सुदृढीकरण, अलैँची नर्सरी स्रोत केन्द्र स्थापना, नमूना सुन्तला बगैँचा विकास, अलैँची बालीको छहारी व्यवस्थापन, कृषि यान्त्रिकीकरण तथा खाद्यतत्व सहयोगका कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

कृषिजन्य तथा रैथाने बालीको प्रशोधन, लेबलिङ तथा बजारीकरण सहयोग कार्यक्रमले पनि स्थानीय उत्पादनलाई बजारसँग जोड्ने प्रयास गरेको छ । रामप्रसादराई गाउँपालिका-६ मा रैथाने बालीअन्तर्गत कोदोको बिस्कुट उत्पादन सुरु गरिएको छ । स्थानीयस्तरमा उत्पादन हुने कोदोलाई प्रशोधन गरेर नयाँ परिकारका रूपमा बजारमा लैजान सकिने सम्भावना यसबाट देखिएको छ । कोदो, फापर, मकै, कागुनोलगायत रैथाने बालीलाई आधुनिक प्रविधिबाट प्रशोधन गरी प्याकेजिङ तथा ब्रान्डिङ गर्नसके स्थानीय उत्पादनले जिल्लाभन्दा बाहिरसमेत बजार पाउनसक्ने सम्भावना रहेको छ । चक्लाबन्दीमा आधारित खेती कार्यक्रमले पनि भोजपुरमा व्यावसायिक कृषि विस्तारको आधार तयार गरिरहेको छ । कार्यालयका अनुसार गत आवमै यस कार्यक्रममार्फत १०२ रोपनी क्षेत्रफलमा अलैँचीखेती विस्तार गरिएको छ ।

उक्त क्षेत्रमा ५५ हजार अलैँचीका बिरुवा रोपण गरिएको छ । छरिएर रहेको जमिनलाई एकीकृत गरी व्यावसायिक उत्पादन गर्नसके कृषि लागत घटाउनुका साथै यान्त्रिकीकरणमा सहजता हुने भएकाले चक्लाबन्दी कार्यक्रमलाई प्राथमिकतामा राखिएको कार्यालयले जनाएको छ । सानासाना टुक्रामा खेती गर्दा श्रम तथा उत्पादन लागत बढी पर्ने अवस्थामा चक्लाबन्दीले उत्पादन प्रणालीलाई व्यवस्थित बनाउन सहयोग पुग्ने देखिएको छ । कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रमअन्तर्गत सञ्चालित योजनाले युवालाई कृषि व्यवसायमा जोडिन सहयोग पुगेको छ ।

रोजगारीका लागि वैदेशिक मुलुक तथा सहरतर्फ जाने प्रवृत्तिबीच स्थानीयस्तरमै कृषि उद्यम सञ्चालन गरी आम्दानी गर्न सकिने वातावरण निर्माण गर्न यस्ता कार्यक्रम उपयोगी हुने देखिएको छ । कृषिमा आधुनिक प्रविधिको प्रयोग बढेसँगै उत्पादन लागत घटाउने, श्रम अभाव पूर्ति गर्ने र उत्पादकत्व बढाउने सम्भावना पनि बढेको छ । कृषि यान्त्रिकीकरणका लागि उपलब्ध गराइने सहयोगले किसानलाई परम्परागत उपकरणको विकल्पमा आधुनिक उपकरण प्रयोग गर्न प्रोत्साहित गरेको छ । यसबाट खेती गर्न लाग्ने समय र श्रम घट्नुका साथै उत्पादनमा सुधार आउने कार्यालयको भनाइ छ । जिल्ला समन्वय समिति भोजपुरकी उपप्रमुख अनिशा खड्काले राज्यका विभिन्न निकायबाट प्राप्त अनुदान तथा प्राविधिक सहयोगले किसानलाई व्यावसायिक बन्न टेवा पुगेको बताइन् । कृषि क्षेत्रमा लगानी बढेसँगै किसानको आयआर्जन तथा जीविकोपार्जनमा महत्त्वपूर्ण सहयोग पुगेको उनको भनाइ छ ।

कृषि क्षेत्रमा दिइने अनुदानले तत्कालीनरूपमा उत्पादन सामग्री तथा पूर्वाधार निर्माणमा सहयोग पुर्‍याए पनि यसको दीर्घकालीन प्रभावका लागि बजार सुनिश्चितता, उत्पादनको उचित मूल्य, भण्डारण, प्रशोधन तथा बजारीकरणमा ध्यान दिनुपर्ने देखिएको छ । विशेषगरी सुन्तला र अलैँचीजस्ता नगदेबालीमा मूल्यमा हुने उतारचढाव किसानका लागि चुनौती बन्ने गरेको छ । उत्पादन लागत, ढुवानी खर्च र बजार मूल्यबीच सन्तुलन कायम गर्न नसक्दा किसानले अपेक्षित आम्दानी लिन नसक्ने अवस्था आउन सक्छ । त्यसैले उत्पादनसँगै भण्डारण, प्रशोधन र बजार व्यवस्थापनमा सरकारी तथा निजी क्षेत्रको सहकार्य आवश्यक रहेको छ ।

कृषिउपजको संकलन तथा बिक्री केन्द्र स्थापना, चिस्यान केन्द्र, प्रशोधन उद्योग र स्थानीय ब्रान्ड विकास गर्नसके भोजपुरका किसानले उत्पादनको उचित मूल्य पाउनसक्ने सम्भावना छ । स्थानीय तह, कृषि कार्यालय, सहकारी तथा किसान समूहबीच समन्वय गरी सामूहिक उत्पादन र बजारीकरणलाई प्रोत्साहन गर्नसके कृषि क्षेत्रबाट रोजगारी र आम्दानीका थप अवसर सिर्जना गर्न सकिने यस क्षेत्रको विज्ञहरूको भनाइ छ ।

कृषिमा बढ्दो सरकारी तथा संस्थागत लगानी, किसानको बढ्दो रुचि र स्थानीयस्तरमा उपलब्ध कृषि सम्भावनालाई एकीकृत रूपमा अघि बढाउनसके जिल्लाको अर्थतन्त्रको बलियो आधार बन्नसक्ने देखिन्छ । अनुदानमुखी कार्यक्रमलाई उत्पादनमुखी र परिणाममुखी बनाउन नियमित अनुगमन तथा मूल्यांकन आवश्यक रहेको स्थानीय जानकारहरूको धारणा रहेको छ ।

भोजपुरमा सुन्तला, अलैँची, तरकारी, खुर्सानीलगायत बालीको व्यावसायिक सम्भावना रहेकाले उत्पादनको क्षेत्र विस्तारसँगै गुणस्तरमा ध्यान दिनुपर्ने आवश्यकता छ । रोग तथा कीरा नियन्त्रण, माटो परीक्षण, गुणस्तरीय बिरुवा उत्पादन, जैविक तथा सन्तुलित मलको प्रयोग, आधुनिक सिँचाइ प्रणाली र कृषि यान्त्रिकीकरणलाई थप विस्तार गर्नसके उत्पादन र उत्पादकत्व बढाउन सकिने कृषि प्राविधिकहरूले बताउने गरेका छन् । *रासस*


**कतारमा रोजगार** — कम्पनी : AL KAUN CARPENTRY

पूर्व स्वीकृति मिति : २०८३/०५/०५ — LT. No. 346894 — चलानी नं. ६०२६००७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Carpenter | 4 | 0 | 1100 | ४६,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman (Civil) | 5 | 0 | 1500 | ६३,०५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १३ गते (29th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1080/073/74

SKY LINE OVERSEAS PVT. LTD.

Badri Colony, Sukedhara-9, Kathmandu, Nepal, Tel: 4379385, E-mail: info@skylineoverseas.com.np

**कुवेतमा रोजगार** — कम्पनी : AL AQUILA CO. FOR GENERAL CLEANING SERVICES FOR BUILDING

पूर्व स्वीकृति मिति : २०८३/०५/०५ — LT. No. 346600 — चलानी नं. ६०२६००८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drivers | 3 | 0 | 150 | ७४,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner (Indoor) | 10 | 12 | 120 | ५९,६३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १३ गते (29th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५७१/०७९/०८०

SPACE HR SOLUTIONS PVT.LTD

Basundhara, Kathmandu; Tel: 01-5925496

E-mail: spacehrsolution07980@gmail.com, Web: www.spacehrsolution.com

**कुवेतमा रोजगार** — कम्पनी : FEBRUARY HOME CO. FOR GENERAL BUILDING CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०५/०५ — LT. No. 346891 — चलानी नं. ६०२६००७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER (INDOOR) | 0 | 4 | 130 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १३ गते (29th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1723/081/082

Sultan Gulf Overseas Pvt. Ltd.

Tokha-10, Kathmandu, Tel: + 977-01-5922873, Mobile No. 9840072590 Bashista Bhat, Email: sultangulfoverseas1723@gmail.com

**युएइमा रोजगार** — कम्पनी : BLOOM LANDSCAPE - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०९/२९ — पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/०५ — LT. No. 336958 — चलानी नं. ६०२५०५८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 3 | 0 | 1500 | ६२,१८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Garden Workers | 124 | 0 | 1000 | ४१,७२२ | | | | | | | |
| 3. | Plumber | 21 | 0 | 1500 | ६२,१८१ | | | | | | | |
| 4. | Steel Fixer | 1 | 0 | 1500 | ६२,१८१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १३ र १४ गते (29 & 30th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

World King H.R.International Pvt.ltd.

Dhapasi, Basundhara, Kathmandu, Nepal, Tel. +97701-5925516, 9803672215, 9814089641,9767274204 Email : info@worldkinghrintl.com, www.worldkinghrintl.com

Govt. License 1700/081/82

**कुवेतमा रोजगार** — कम्पनी : BLOCK ONE RESTURANT COMPANY — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८३/०५/०५ — LT. No. 346927 — चलानी नं. ६०२६००८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 7 | 0 | 150 | ७४,४८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | FEMALE WAITRESS | 0 | 5 | 130 | ६४,५५३ | | | | | | | |
| 3 | STEWARDING KITCHEN CLEANERS | 3 | 0 | 110 | ५४,६२२ | | | | | | | |
| 4 | Waiter | 5 | 0 | 130 | ६४,५५३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १३ गते (29th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत न. ११३०/०७३/०७४

Rasuwa Overseas Pvt. Ltd.

Airport, Kathmandu, Nepal, Tel:. 01-5906439/5906448, Suresh Lama 9801300074 / Dawa Lama 9742546470, Dinesh Lama 9851354485 / E-Mail : rasuwaoversease@gmail.com, Website : www.rasuwaoverseas.com

**युएइमा रोजगारको अवसर** — Free Visa!! Free Ticket!!

कम्पनी : ROYAL MIRAGE HOTEL L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०५/04 — LT. No. 346860 — चलानी नं. ६०२६००४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/steward | 15 | 0 | 1200 | ५०,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Commis/general Cook | 20 | 20 | 1700 | ७०,८९० | | | | | | | |
| 3 | F&b Supervisor | 10 | 10 | 2300 | ९५,९१५ | | | | | | | |
| 4 | Housekeeping Attendent/ Chamberman/ Chambermaid | 30 | 30 | 1200 | ५०,०४० | | | | | | | |
| 5 | Lifeguard | 10 | 0 | 1500 | ६२,५५० | | | | | | | |
| 6 | Receptionist | 10 | 10 | 1800 | ७५,०६० | | | | | | | |
| 7 | Waiter/waitress= | 30 | 30 | 1300 | ५४,२१० | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १३ गते (29th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.

Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com

श्रम ईजाजत नं. ८२२/०६६/०६७

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ३१६७०० | प्रति तोला – ० | प्रति तोला – ४९८५ |



**च्याङ्ग्राको बथान** | मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–३, छुसाङबाट चरन क्षेत्रतर्फ लगिँदै गरेको च्यांग्राको बथान । मुस्ताङको जोमसोमदेखि उपल्लो मुस्ताङसम्मका किसानले व्यावसायिक रूपमा पालन गरेको भेडा, च्यांग्रा दशैं, तिहार जस्ता चाडपर्वहरूमा बिक्री गरेर आफ्नो घरखर्च टार्दै आएका छन् । *तस्बिरः सुन्दरकुमार थकाली/रासस*

# एकीकृत दूरसञ्चार नीतिको मस्यौदा सार्वजनिक

## पाँच वर्षमा ८० प्रतिशत जनसंख्यामा उच्चगतिको 'ब्रोडब्यान्ड' पुऱ्याउने लक्ष्य

■ प्रभाव संवाददाता


**काठमाडौं–** नेपाल दूरसञ्चार प्राधिकरणले एकीकृत दूरसञ्चार नीतिको मस्यौदा सार्वजनिक गरेको छ ।

दूरसञ्चार क्षेत्रसँग सम्बन्धित विद्यमान विभिन्न नीतिलाई एकीकृत गर्दै नवीनतम प्रविधिको विकासअनुसार यस क्षेत्रलाई समयसापेक्ष, प्रतिस्पर्धी र प्रभावकारी बनाउने उद्देश्यले मस्यौदा तयार गरिएको हो ।

मस्यौदामा सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति, २०५९, दूरसञ्चार नीति, २०६०, ब्रोडब्यान्ड नीति, २०७१ र सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ लाई एकीकृत गर्ने प्रस्ताव गरिएको छ । यस्तै, स्याटेलाइट नीति, २०७७, राष्ट्रिय साइबर सुरक्षा नीति, २०८०, दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्यसम्बन्धी) नीति, २०८० र राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स नीति, २०८२ को कार्यान्वयनलाई समेत सहज र प्रभावकारी बनाउने लक्ष्य छ ।

विगतका नीतिले निर्धारण गरेका केही लक्ष्य हासिल भइसकेकाले नयाँ लक्ष्य तोकेर नीतिलाई समयसापेक्ष बनाउन मस्यौदा तयार गरिएको हो । नवीनतम प्रविधिबाट सिर्जित अवसरलाई आम उपभोक्तासम्म पुऱ्याउन नयाँ नीति आवश्यक भएको प्राधिकरणले जनाएको छ ।

मस्यौदाको दूरसञ्चार प्रविधिको प्रयोगबाट नेपालको डिजिटल रूपान्तरणलाई विस्तार गर्ने, दैनिक जीवन सहज बनाउने, समावेशी आर्थिक वृद्धिलाई प्रोत्साहन गर्ने तथा सबै नागरिकलाई डिजिटल अवसरमा समान पहुँच सुनिश्चित गर्ने लक्ष्य छ । गुणस्तरीय, सुरक्षित, भरपर्दो र सर्वसुलभ दूरसञ्चार सेवा उपलब्ध गराउँदै सूचना तथा सञ्चार प्रविधिको उच्चतम



प्रयोगमार्फत देशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने ध्येय छ ।

प्रस्तावित नीतिअनुसार आगामी पाँच वर्षमा न्यूनतम ५० एमबिपिएस क्षमताको ब्रोडब्यान्डसहितको दूरसञ्चार सेवाको पहुँच ८० प्रतिशत जनसंख्यामा पुऱ्याउने लक्ष्य छ । आगामी १० वर्षमा यस्तो पहुँच ९८ प्रतिशत जनसंख्यामा पुऱ्याउने लक्ष्य प्रस्ताव गरिएको छ ।

त्यसैगरी, प्रारम्भिक ब्रोडब्यान्ड सेवाको शुल्क पाँच वर्षमा प्रतिव्यक्ति कुल राष्ट्रिय आयको २.४ प्रतिशत र १० वर्षमा १.५ प्रतिशतभित्र सीमित गर्ने लक्ष्य छ । कुल गार्हस्थ्य उत्पादनमा सूचना तथा सञ्चार प्रविधि क्षेत्रको प्रत्यक्ष योगदान पाँच वर्षमा चार प्रतिशत र १० वर्षमा सात प्रतिशत पुऱ्याउने लक्ष्य मस्यौदामा प्रस्ताव भएको छ ।

डिजिटल सीप विकासलाई प्रोत्साहन गर्दै डिजिटल साक्षरता पाँच वर्षमा ६० प्रतिशत र १० वर्षमा ८५ प्रतिशत पुऱ्याउने लक्ष्य प्रस्ताव गरिएको छ । व्यवस्थित, पारदर्शी र प्रतिस्पर्धी दूरसञ्चार बजार प्रवर्द्धन गर्दै नवप्रवर्तन तथा लगानीलाई प्रोत्साहन गर्ने नीतिको उद्देश्य रहेको छ ।

दुर्गम तथा ग्रामीण क्षेत्रमा दूरसञ्चार पूर्वाधार विस्तार, नवीनतम प्रविधिको प्रयोग तथा प्रभावकारी सार्वजनिक-निजी साझेदारीमार्फत डिजिटल खाडल घटाउने प्रस्ताव गरिएको छ । दूरसञ्चार क्षेत्रका लागि आवश्यक जनशक्तिको क्षमता विकास, नवीनतम प्रविधिमा अध्ययन तथा अनुसन्धान र राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा दूरसञ्चार प्रविधिको प्रयोगलाई समेत प्रोत्साहन गरिने मस्यौदामा उल्लेख छ ।

विद्यमान दूरसञ्चारसम्बन्धी कानुनलाई समयानुकूल परिमार्जन गरी कार्यान्वयन संयन्त्रलाई प्रभावकारी बनाउने, संस्थागत क्षमता सुदृढ गर्ने तथा जनशक्तिको दक्षता अभिवृद्धि गर्ने प्रस्ताव गरिएको छ । साथै, डिजिटल अधिकार र साइबर सुरक्षासहितको सीप तथा ज्ञानमा आधारित समाज निर्माणलाई प्राथमिकता दिइनेछ ।

मस्यौदामा नवीनतम दूरसञ्चार सेवाको देशव्यापी उपलब्धता र सबै नागरिकको पहुँच सुनिश्चित गर्ने तथा दूरसञ्चार प्रणालीलाई गुणस्तरीय, भरपर्दो, सुरक्षित र उत्थानशील बनाउने नीति प्रस्ताव गरिएको छ । अनुमतिपत्र तथा रेडियो फ्रिक्वेन्सी वितरण प्रक्रियालाई थप सहज बनाउँदै निजी क्षेत्र तथा विदेशी लगानीकर्ताको सहकार्यमा दूरसञ्चार क्षेत्रलाई प्रतिस्पर्धी र दिगो बनाउने लक्ष्य राखिएको छ ।

आवाजमा सीमित दूरसञ्चार सेवा इन्टरनेटको विस्तारसँगै सूचना तथा सञ्चार प्रविधि सेवामा रूपान्तरण भएको सन्दर्भमा शिक्षा, स्वास्थ्य, पर्यटन, उद्योग र ऊर्जालगायत क्षेत्रको उत्पादकत्व वृद्धिमा उपयोगी हुने भएकाले नीतिलाई अद्यावधिक गर्न उक्त मस्यौदा सार्वजनिक गरिएको हो ।

# ऊर्जा तथा विपद् उत्थानका लागि अघि बढौंः मन्त्री श्रेष्ठ

**काठमाडौं (प्रस)–** जल, खाद्य, ऊर्जा तथा विपद् उत्थानशीलताका क्षेत्रमा तत्काल पूर्वतयारीसाथ अघि बढ्नुपर्ने धारणा व्यक्त भएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठले शुक्रबार 'सुपर एल निनो र जलवायु जोखिमः नेपालमा जल, खाद्य, ऊर्जा तथा विपद् उत्थानशीलतामा पर्ने प्रभाव' विषयक राष्ट्रिय गोष्ठीको उद्घटन समारोहलाई सम्बोधन गर्दै 'सुपर एल निनो'को सम्भावित प्रभावलाई मध्यनजर गर्दै अघि बढ्नुपर्ने विचार व्यक्त गरेका हुन् ।

गोष्ठी जल तथा ऊर्जा आयोगको सचिवालय र जल तथा मौसम विज्ञान विभागको संयुक्त आयोजनामा ललितपुरमा आयोजना गरिएको हो । मन्त्री श्रेष्ठले एल निनोसम्बन्धी पछिल्लो पूर्वानुमानमा अत्यधिक बलियो एल निनोको सम्भावना बढेको भन्दै एल निनोको प्रभावका कारण नेपालमा वर्षा, तापक्रम, जलविद्युत् उत्पादन, सिँचाइ तथा खाद्य उत्पादनमा पर्नसक्ने असरलाई गम्भीरतापूर्वक लिनुपर्ने उल्लेख गरे । उनले भने, 'नेपालमा हाल सञ्चालनमा रहेको चार हजार १२० मेगावाट क्षमताको विद्युत् प्रणालीमा कुलेखानी-१ मात्र मौसमी जलाशययुक्त आयोजना रहेको र ऊर्जा क्षेत्रमा भण्डारण क्षमता बढाउनुपर्ने आवश्यकता छ ।'

नेपालले विद्युत् व्यापारमा उल्लेख्य प्रगति गरेको छ । सुक्खा मौसममा विद्युत् आयातमा निर्भरता बढ्ने गरेको भए पनि नेपालमा विद्युत् उत्पादन र विद्युत् आयात दुवैमा जोखिम आउनसक्ने भएकाले ऊर्जा सुरक्षाका लागि जलाशययुक्त आयोजना र भण्डारण क्षमताको विकास आवश्यक छ ।

# कोषको कार्यकारी निर्देशकमा कार्की



**काठमाडौं (प्रस)–** नेपाल सरकार, मन्त्रिपरिषद्ले नागरिक लगानी कोषको कार्यकारी निर्देशकमा पर्वत कुमार कार्कीलाई नियुक्त गरेको छ । नेपाल राष्ट्र बैंकको कार्यकारी निर्देशकबाट निवृत्त भएका कार्की यसअघि पनि कोषको कार्यकारी निर्देशक थिए । उनी २०८० माघ ३ गते कोषको कार्यकारी निर्देशक पदमा खुल्ला प्रतिस्पर्धाबाट छनोट भएका थिए । राष्ट्र बैंकका अतिरिक्त नेपाल ग्रामिण विकास बैंक र किसान लघुवित्त वित्तीय संस्था लिमिटेडकोको प्रमुख कार्यकारी अधिकृत (सीईओ) को रूपमा काम गरेको अनुभव उनीसँग छ । उनले केन्द्रीय बैकिङ, वित्तीय स्थिरता र वित्तीय बजार विश्लेषणलगायतका विषयमा अन्तर्राष्ट्रिय तालिमसमेत प्राप्त गरेका छन् ।

# नाडा अटो शो २०२६ भदौ ९ देखि

## ५३ सवारी ब्राण्ड र २०० भन्दा बढी स्टल

■ प्रभाव संवाददाता

**काठमाडौं–** यही भदौ ९ गतेदेखि भृकुटीमण्डपमा सुरु हुने 'एचपी ल्युब्रिकेन्ट्स प्रिजेन्ट्स १८औं नाडा अटो शो २०२६' को तयारी तीव्र हुँदै छ । आयोजकका अनुसार करिब तीन लाख वर्गफिट क्षेत्रफलमा आयोजना हुने अटो शोमा २०० भन्दा बढी स्टल रहने छन् । यसपटकको अटो शोमा २३ यात्रुवाहक, १७ हल्का व्यावसायिक र १३ दुईपाङ्ग्रे गरी ५३ सवारी ब्राण्ड सहभागी हुने भएका छन् ।

'यो महिना नेपालले गाडी हेर्दै बितायो । अर्को हप्ता, गाडी किनेपछि आउने सबै कुरा हेर्न पाइने छ,' आयोजकको भनाइ छ, 'प्रदर्शनीस्थलमा रहने करिब ७० कम्पनीले चलाएर लैजान मिल्ने कुनै वस्तु बेच्दैनन् । तिनले टायर, ब्याट्री, इन्जिन आयल, हेलमेट, बेयरिङ, ग्यास्केट, फिल्टर, डाइग्नोस्टिक उपकरण, ग्यारेज टुल्स, जिपिएस तथा टेलिमेटिक्स प्रणाली, एसेसरिज र इभी चार्जिङ उपकरण उपलब्ध गराउँछन् ।'

प्रदर्शनीमा करिब १० बैंक, वित्तीय संस्था र बिमा कम्पनी अटो लोन तथा सवारी




बिमाका लागि उपस्थित हुन् छन् । विद्युतीय सवारीका लागि छुट्टै वित्तीय योजना उपलब्ध हुनेसमेत जानकारी दिइएको छ ।

'अटोमोबाइल उद्योगको यही हिस्सासँग नेपाली उपभोक्ता एक दशकसम्म जोडिन्छन् तर यही हिस्सा प्रदर्शनीमा देखिने अवसर लगभग कहिल्यै आउँदैन,' आयोजकले भनेको छ, 'गाडी छान्न तीन हप्ता लाग्छ, तर छानेको निर्णयसँग १० वर्ष बाँच्नुपर्छ । ती तीन हप्ता सोरुममा बित्छन् । ती १० वर्ष वर्कसप, बैंक, बिमा कार्यालय र टायर पसलमा बित्छन् ।'

प्रदर्शनीलाई चारपांग्रे, दुईपांग्रे, वित्तीय संस्था, अटो पार्टस् र ग्यारेज उपकरण गरी छुट्टाछुट्टै क्षेत्रमा विभाजन गरिएको आयोजकले जनाएको छ । पहिलो प्रश्नसँगै दोस्रो प्रश्न पनि एउटै भ्रमणमा सोध्न सकियोस् भन्ने उद्देश्यले यस्तो व्यवस्था गरिएको बताइएको छ ।

'सहभागी सवारी ब्राण्डको भौगोलिक विविधता पनि उल्लेखनीय छ । युरोपेली इन्जिनियरिङसहितको स्कोडा, मलेसियाको राष्ट्रिय ब्राण्ड प्रोटोन र चेरी (ओमोडा तथा जेकु) एवं जिडब्ल्युएम लगायत चिनियाँ निर्माता । जापानी, भारतीय, कोरियाली, चेक, मलेसियाली र चिनियाँ मूलका सवारीसाधन एकअर्काबाट केही पाइला टाढा उभिने छन्,' आयोजकको भनाइ छ । विदेशी सहभागीका लागि 'इन्टरनेसनल बिजनेस प्याभिलियन' र स्वदेशी उत्पादन तथा एसेम्बलीका लागि 'मेड इन नेपाल / मेड फर नेपाल' प्याभिलियन छुटयाइएको छ ।

'अटो शो भन्नेबित्तिकै गाडीले भरिएको हल भन्ने लाग्छ । तर हाम्रो प्रदर्शनीको ठूलो हिस्सा त ती गाडी वर्षौंसम्म चलाइराख्ने उद्योगले ओगटेको छ । त्यो उद्योग पनि देखिनुपर्छ,' नाडाका अध्यक्ष सुरेन्द्रकुमार उप्रेतीले भने, '५० वर्षअघि नेपालको अटोमोबाइल उद्योगको प्रदर्शनी एउटा कोठामै अटाउँथ्यो । आज त्यसलाई तीन लाख वर्गफिट चाहिनुको कारण गाडी बढेरमात्र होइन उद्योग नै बढेकाले हो ।'

# सिञ्जा उपत्यकामा टेलिकमको फोर-जी सेवा

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाली भाषा (खस भाषा) को उद्गमस्थल जुम्लाको हाट सिञ्जामा नेपाल टेलिकमको फोर-जी सेवा सञ्चालनमा आएको छ । कनकासुन्दरी गाउँपालिकाअन्तर्गत गुठीज्युला बजार क्षेत्रमा आजदेखि फोर-जी सेवा सुरु भएको हो ।

नेपाल टेलिकम जुम्ला कार्यालयका प्रमुख पारस पुजाराका अनुसार त्यहाँ नयाँ टावर स्थापना गरी सेवा सञ्चालनमा ल्याइएको हो । नयाँ टावरबाट कनकासुन्दरी गाउँपालिकाका वडा नं ३, ४, ५, ६ र ८ का विभिन्न क्षेत्रमा फोर-जी सेवा उपलब्ध हुनेछ ।

उक्त टावरबाट गौरी, ओखरवाडा, हाट सिञ्जा, सिम्पाती, लुड्कु, गुठीज्युला बजार, बडुवालवाडा, बारकुडीवाडा, सञ्जेलवाडा, जाच, गोडिंगालगायत क्षेत्रमा सेवा पुग्नेछ । टावर सञ्चालनका लागि हाल सोलार ब्याट्री प्रयोग गरिएको छ । टावर स्थापना भएको दुई महिनाभन्दा बढी समय भए पनि राष्ट्रिय प्रसारण लाइनको विद्युत् नपुगेका कारण सेवा सञ्चालनमा ढिलाइ भएको कार्यालय प्रमुख पुजाराले बताए ।

राष्ट्रिय प्रसारणलाइनबाट विद्युत् जडान गर्न नसकेपछि तत्कालका लागि सोलार प्रणालीमार्फत टावर सञ्चालनमा ल्याइएको टेलिकमले जनाएको छ । सरकारले दुर्गम तथा पर्यटकीय क्षेत्रमा दूरसञ्चार सेवाको पहुँच विस्तारलाई प्राथमिकतामा राखेको छ । सोही योजनाअनुसार बाजुराको बडीमालिका मन्दिर क्षेत्रमा यस हप्ताभित्रै फोर-जी सेवा सञ्चालनमा आइसक्ने छ । सगरमाथा आधार शिविर क्षेत्रमा समेत फोर-जी सेवा विस्तारका लागि अध्ययन भइरहेको नेपाल टेलिकमले जनाएको छ ।

यसअघि उच्च हिमाली क्षेत्रका विभिन्न स्थानमा पनि फोर-जी सेवा विस्तार भइसकेको छ । डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-६ स्थित ल्हान तथा ठूलीभेरी नगरपालिका-१, दुवै क्षेत्रमा समुद्री सतहबाट करिब तीन हजार ९०० मिटर उचाइमा फोर-जी सेवा सञ्चालनमा छ । त्यस्तै, ताप्लेजुङको ओलाङचुङगोलामा करिब तीन हजार ४०० मिटर उचाइमा फोर-जी सेवा सुरु भइसकेको छ ।

देशका अन्य दुर्गम तथा सञ्चार सेवाको पहुँच कमजोर रहेका क्षेत्रमासमेत सेवा विस्तार गर्ने सरकारको योजना छ । डिजिटल विभाजन घटाउँदै सबै नागरिकलाई गुणस्तरीय सञ्चार सेवा उपलब्ध गराउने उद्देश्यले दूरसञ्चार पूर्वाधार विस्तारलाई प्राथमिकता दिइएको हो । हाल देशभर दूरसञ्चार सेवाको पहुँच र गुणस्तर विस्तारका लागि करिब एक हजार ६०० नयाँ मोबाइल टावर तथा सम्बन्धित साइट निर्माणको प्रक्रिया अघि बढाइएको छ । ग्रामीण क्षेत्रमा सेवा विस्तार तथा गुणस्तर सुधारका लागि नेपाल टेलिकमले चालु आवमा मात्रै रु छ अर्बभन्दा बढी लगानी गर्ने तयारी गरेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ